का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक १५४

❑ ४ साउन २०७८, सोमबार

❑ 19 July 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# टऱ्यो मध्यावधि, देउवाले पाए बहुमत

## प्रधानमन्त्रीको प्रतिबद्धता: खोप, खोप र खोप, भन्छन्- विकास भन्दा नागरिकको जीवन रक्षा मेरो प्राथमिकतामा हो



व्यक्तिगत अहंकार र दम्भले इतिहास निर्माण हुँदैन । बनेको इतिहासलाई तपाईं (केपी ओली) ले व्यक्तिगत दम्भले निमिट्यान्न पार्छु भन्ने ठान्नु भएको हो भने बलण्डर गर्दै हुनुहुन्छ ।

**पुष्पकमल दाहाल प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र



श्री ५ ले दिनुभएको न्याय माघ १९ मा कहाँ गयो हामी सबैलाई थाहा छ । आज ५ जना श्रीमानहरुबाट माननीय शेरबहादुर देउवा प्रधानमन्त्री हुनुभएको छ । उतिबेला श्री ५, अहिले श्रीमान् ५ ।

**प्रदीप ज्ञवाली**
नेता, नेकपा एमाले



सत्ता बहिर भए पनि अहंकार नदेखाउन म एमाले नेताहरुलाई आग्रह गर्छु । हामी प्रतिपक्ष कस्तो चल्ला हेर्दै गरौंला । सत्ता कसरी चल्छ भन्ने अब नेपाली जनताले हेर्छन् ।

**मीनेन्द्र रिजाल**
नेता, नेपाली काग्रेस

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत पाएका छन् । प्रधानमन्त्री देउवालाई दलगत रुपमा हेर्ने हो भने पाँच दल र ६ घटकले विश्वासको मत दिए ।

देउवालाई नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एमाले र राष्ट्रिय जनमोर्चाका सांसदहरुले विश्वासको मत दिए । राजनीतिक रुपमा विभाजित जसपाका दुवै घटकले देउवालाई विश्वासको मत दिएका छन् ।

पुनर्स्थापित संसद्को पहिलो दिन नै विश्वासको मत लिए लिएका देउवालाई १६५ सांसदले मत दिए । विपक्षमा ८३ मत खस्यो भने तटस्थमा १ मत खस्यो । एमालेका २२ सांसदले देउवालाई विश्वासको मत दिए । अर्थात् सर्वोच्च अदालतको परमादेशबाट प्रधानमन्त्री नियुक्त भएका देउवाले संसद्बाट पनि बहुमत पाएका छन् ।


अब संसद् पूरा कार्यकाल चल्ने आधार समेत बनेको छ । सँगै २०७४ को जनादेश बिपरीत एमाले प्रमुख विपक्षी दल बनेको छ भने संसद्मा ६१ सांसद रहेको काँग्रेसले सरकारको नेतृत्व गर्ने भएको छ ।

२०७९ सम्म देउवा सरकार टिकेमा अब कुनैपनि प्रधानमन्त्रीले सनकको भरमा संसद् भंग गर्न सक्दैनन् र संसदबाट सरकार बन्ने अवस्था रहेसम्म मध्यावधि हुन्न भन्ने नजीर समेत स्थापित भएको छ । तर दुई तिहाइ संसदीय बहुमत सहित ३ फागुन २०७४ मा प्रधानमन्त्री नियुक्त भएका एमाले अध्यक्ष केपी शर्मा ओली भने विपक्षी दलका नेता बनेका छन् ।

पाँच वर्षे सरकार स्थीर सरकारको नेतृत्व गर्ने मौका ओलीले गुमाउँदा कम्युनिष्ट पार्टी समेत छिन्नभिन्न भएको छ । गठबन्धन गर्दै ३ जेठ २०७५ मा पार्टी एकता गरी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेकोमा ओलीको संसद् विघटन गर्ने निर्णयकै कारण एमाले र माओवादी केन्द्र छिन्नभिन्न भएको छ । एमालेमा अध्यक्ष ओली र नेता नेपाल समूह समानान्तर गतिविधिमा छन् । आइतबार विश्वासको मत लिदा पनि एमाले एक ठाउँ उभिएन ।

माओवादी केन्द्र छोडेर केही शीर्ष नेताहरु एमालेमा प्रवेश गरेका छन् । तर एमाले प्रवेशकै कारण रामबहादुर थापा बादल, लेखराज भट्ट, टोपबहादुर रायमाझी, प्रभु साह, गौरीशंकर चौधरी लगायतले पद गुमाएका छन् । अर्थात् माओवादी केन्द्र समेत चोइटिन पुगेको छ । नेकपाको विघटन र एमाले-माओवादी भित्र समेत विभाजनले गर्नुको लाभ भने काँग्रेसले पाएको छ । तर देउवालाई बाँकी अवधि सरकार टिकाउन पनि सजिलो छैन । किनभने गठबन्धनलाई एकठाउँ राख्न देउवाका निम्ति सजिलो छैन ।

देउवाको सत्तारोहणले ओलीको असंवैधानिक कदमलाई भने अन्त्य गरिदिएको छ । ओलीले ५ पुस र ७ जेठमा असंवैधानिक कदम चालेर प्रतिनिधिसभा विघटन गरेका थिए । दुवै पटक मध्यावधि निर्वाचन समेत घोषणा गरेका थिए । दुवै पटक सर्वोच्च अदालतले ओलीको कदमलाई असंवैधानिक घोषणा गरेको छ ।




२०७४ को निर्वाचन परिणामले पाँच वर्षे प्रमुख प्रतिपक्षी भूमिकामा धकेलिएका नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा पुनर्स्थापित प्रतिनिधिसभाको बहुमत पाउँदै प्रधानमन्त्री निर्वाचित भएका छन् ।



# एउटा मन्त्रीको 'ओभर स्मार्ट' बन्ने सोचले मलेसिया रोजगारी ध्वस्त : नेता आङ्देम्बे

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन

नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पार्टी अनुशासन समितिका संयोजक भीष्मराज आङ्देम्बेले कोरेना भाइरस (कोभिड-१९) संक्रमणको लामो दुश्प्रभावले मर्माहत बनाएको वैदेशिक रोजगारका समस्या समाधान गर्न आफुले नवनिर्वाचित प्रधानमन्त्री शेर बहादुर देउवा समक्ष शुक्ष्मरुपमा राख्ने आश्वासन दिएका छन् ।

पार्टीको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले आइतबार राजधानीमा आयोजना गरेको वार्षिक क्यालेण्डर विमोचान तथा बधाई एवं शुभकामना कार्यक्रमका प्रमुख अतिथि रहेका नेता आङ्दम्बेले उक्त आश्वासन दिएका हुन् । उनले भने, 'कोभिडले अप्ठ्यारो पारेको पक्षलाई राज्यले अभिभावकत्व दिने विषयमा सौतेलो व्यवहार गर्नुहुँदैन ।'

मलेसिया नेपाली कामदारको प्रमुख रोजगार गन्तव्यका रुपमा रहेको र त्यसले अर्थतन्त्रलाई महत्वपूर्ण योगदान दिएको अवस्थामा एउटा मन्त्रीको 'ओभरस्मार्ट' बन्ने सोचले ध्वस्त भएको विषयमा आफु जानकार रहेको भन्दै वैदेशिक रोजगार भित्रका समस्या समाधानका लागि पहल गर्ने उनको भनाइ थियो ।



उनले भने, 'संघ र एसोसिएसनले पूर्व मन्त्रीले जस्तो 'ओभरस्मार्ट' नभई लोकतान्त्रिक प्रक्रियाबाट पारदर्शीरुपमा अघि बढ्न जरुरी छ । एसोसिएसनले वैदेशिक रोजगारमा रहेका समस्या समाधान गर्न दिएको ज्ञापनपत्र परिवर्तन परिमार्जन गरी अगाडि बढाउन सहयोग गर्नेछु ।'

वैदेशिक रोजगारका लागि लागू भएको शुन्य शुल्कको प्रभावकारिताको मसिनोरूपमा छलफल गरेर जानुपर्ने भन्दै नेता आङ्देम्बेले फ्रि भिसा फ्रि टिकटको निर्णयले ऋणमा डुबेर वैदेशिक रोजगारमा जाने कामदारको हित नभएको भन्दै लोकतान्त्रिक तरिकाले समीक्षा गरेर अगाडि बढ्नु पर्ने धारणा व्यक्त गरे ।

एसोसिएसनमा आवद्ध व्यवसायीहरुले गठबन्धन सरकारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व दिन आग्रह गरेका थिए । तर नेता आङ्देम्बेले गठबन्धनको सरकार भएकाले नेतृत्व गर्नेले मलाई बढी अरूलाई कम होस् भन्न नहुने बताए । एसोसिएसनका संस्थापक तथा बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### एनआरएनए बहराइनमा पुन: गिरी र श्रेष्ठको उम्मेद्वारी



**काठमाडौं/मस-** गैर आवासीय नेपाली संघ (एनआरएनए) बहराइनको आगामी २०२१ -०२३ को कार्यसमितिको अध्यक्षमा पुन: लक्ष्मी गिरी र महासचिवमा राजु कुमार श्रेष्ठले उमेदवारी घोषणा गरेका छन् । आगामी जुलाई २३ तारेखमा हुने आठौं महाधिवेशनमा हुने निर्वाचनका लागि अध्यक्षमा गिरी र महासचिवमा श्रेष्ठले उमेदवारी घोषणा गरेका हुन् ।

प्रशासनिक पारदर्शिता र सेवा भाव भन्ने नाराका साथ चुनावी मैदानमा उत्रिएको महासचिवका उमेदवार श्रेष्ठले बाँकी पृष्ठ २ मा

# महन्थ ठाकुरको 'यूटर्न'

## यदि ठाकुर पक्ष काँग्रेस सभापति देउवाको पक्षमा उभिएका थिए भने ३० वैशामै सरकार बन्ने थियो । किनकि संसदमा काँग्रेसँग ६१, नेकपा माओवादी केन्द्रसँग ४९, जसपा ३२ र राष्ट्रिय जनमोर्चाका १ सांसद उभिना साथ देउवा प्रधानमन्त्री बन्ने थिए ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई साथ दिदै आएको जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष महन्थ ठाकुर पक्षले प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिएका छन् । नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री देउवाले महन्थ ठाकुरलाई पत्र लेखर विश्वासको मत मागेका थिए ।

प्रधानमन्त्री देउवाको पत्र पाएपछि ठाकुर पक्षका सांसदहरुको बैठक बसेको थियो । आइतबार दिउँसो बसेको बैठकले शेरबहादुर देउवालाई विश्वासको मत दिने निर्णय गरेको थियो । काँग्रेस र ठाकुर पक्षीय सांसदहरुबीच संसद् भवनमै छलफल भएको थियो । सांसद उमाशंकर अरगरियाले मधेशको मुद्दामा प्रधानमन्त्री सकरात्मक भएपछि ठाकुर पक्षले मत दिने निष्कर्ष निकालेको बताए ।

ठाकुर पक्षको निर्णय पछि जसपाका ३२ सांसदकै मत देउवाले पाएका हुन् । अर्का अध्यक्ष उपेन्द्र यादव पक्षले भने गएको ७ जेठमै देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर बुझाएका थिए । त्यसबेला यादव पक्षसँग १२ सांसद मात्रै थियो । ठाकुर पक्षसँग २० सांसद उभिएका थिए । ठाकुर पक्षले निवर्तमान प्रधानमन्त्री ओलीलाई साथ दिएकाले जसपा समेत विभाजित भयो । संसद् विघटनमा पनि ठाकुर पक्षले ओलीलाई साथ दिएका थिए । २७ वैशाखमा ओलीलाई विश्वासको मत नदिएका ठाकुर पक्ष २१ जेठमा भने सरकारमा सहभागी भएको थियो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले २७ वैशाखमै संविधानको धारा ७६ (२) बमोजिम सरकार बनाउन तीन दिनको समय दिएकी बाँकी पृष्ठ २ मा

## कर्मचारी आवश्यकता

चालु अवस्थाको कम्पनीलाई निम्न कर्मचारी आवश्यक भएको हुँदा अनुभवीले व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ तु-सम्पर्क गर्नुहोला ।

डकुमेन्टेसन – १ जना महिला
म्यानपावर सम्वन्धी दुईबर्षको अनुभव भएको ।

रिसेप्सनिष्ट – १ जना महिला
दुईबर्षको डकुमेन्टेसन अनुभवी र कम्प्युटर अनुभव भएको ।

सम्पर्क: ०१-४४९२५२९, ९८२७५२११५९

# मालपोत कार्यालय चितवनको काम ढिलासुस्ती हुने गरेको सेवाग्राहीको गुनासो

**डिलकुमारी नेपाल, पुनम लामिछाने/मध्यान्ह**
चितवन, ३ साउन ।

मालपोत कार्यालय चितवनमा सँधै सेवाग्राहीको गुनासो आउन थालेको छ । मालपोत कार्यालयमा लकडाउन हुँदा होस् वा नहुँदा सँधै भरि सेवा दिन बसेका कर्मचारि हरुबाट नै काम दिन ढिलासुस्ती हुने गरेको सेवाग्राहीहरुले गुनासो गरेका हुन् ।

कर्मचारीहरु जथाभावी रुपमा हिँड्ने र कार्यालयको काम ढिला गर्ने अनि जतिबेला पनि खाजा खान गएकी भन्ने गरेको कार्यालयमा हुनेहरुले बताउँने गरेका छन् ।

मालपोत कार्यालयले कोरोनाको खोप लगाउने सूचना पहिलै गरेतापनि चितवन मालपोत कार्यालयले सूचना नै ननिकाली कार्यालय खोलेर सबै खोप लगाउन जाँदा सेवाग्राही एकै छिन् आक्रोशित समेत भएका थिए ।

यस्तै सेवा लिन आउनेहरुले अरु गुनासो पनि गरेका छन् । सरकारको धन जति खर्च भएपनि



बेवास्ता गरि उनीहरु अफिस त आएर खोप लगाउने बहनामा गए । तर अफिसमा पंखा खुल्ला, कुर्ची समेत खाली, बत्ति बालेर उनीहरु हराउने गरेको सेवा ग्राही लक्ष्मी कार्कीले बताइन् ।

आफु शक्तिखोरबाट आएको तर दुई घण्टा भइसक्यो, उनले गुनासो गरिन्, 'न सूचना टालिएको छ । न अफिस नै बन्द गरेका छन् ।'

सेवाग्राही शर्मिला घलेले भनिन्, 'राज्यको सम्पत्ति हेनुस् त यस्तो छ ।' उनले थपिन्, 'पाँचवर्ष अघि आउँदा पनि यस्तै हालत थियो । अहिले पनि यस्तै छ । जति खेर पनि बहाना बनाउँछन् । कि बन्द नै गर्नुपर्छ ।'

पैसा बिना काम कमै हुने लेखापढीहरुले जानकारी दिएको उनले बताइन् ।

जति सेवा लिन आए त्यति नै जनाले झ्यालमा बसि उभिएर बस्दा बस्दै पनि काम नबनेको उनीहरुले गुनासो गरेका थिए । सोहि विषयमा प्रमुख मालपोत अधिकारी शेरबहादुर भण्डारीलाई भेट्न भन्दै सबै च्यानल गेटमा आउने गरेका छन् । तर कोभिडका कारणभित्र जान नदिने भन्दै रोकिएको थियो । तर अरु काममा अरुहरुलाई छिर्न दिएको भने थुप्रैपटक भेटियो ।

कामकाज बाँडफाँड त गरियो । तर सुटुक्क अरु फाँटको काम गर्ने गरेको पनि श्रोतको दावी छ ।

आइतबार भने कार्यालय प्रमुखको अफिस बन्दै रहेको थियो । मालपोत अधिकृतको फाँट, कोठा नम्बर ९ रजिष्ट्रेशन फाँटमा भने वत्ति खुल्ला, पंखा खुला अनि कुर्ची खाली थियो । तर विद्युतिय खपत भने सरकारको भएकोले अफिसका कमचारी खोप लगाउन जाँदा यसरी खुला गर्न भने सहि हो या गलत सेवाग्राही कार्कीले भनिन् । अफिसका तल्लो कर्मचारी भने यस विषयमा कुनै जानकारी नभएको बताउँछन् ।

# पाल्पामा कोरोनाविरूद्धको खोप अभियाउन शुरु हुँदै


**विकाश काफ्ले/मध्यान्ह**
पाल्पा, ३ साउन

पाल्पामा साउन ५ गतेदेखि पुनः कोरोनाविरुद्धको खोप अभियान शुरु हुने भएको छ । साउन ५ गतेदेखि ७ गतेसम्म तीन दिन जिल्लाका खोप केन्द्रहरुमा कोरोना विरुद्धको खोप लगाउने तालिका सार्वजनिक भएको छ ।

स्वास्थ्य कार्यालय पाल्पाले माग गरेअनुसार खोप नआएका कारण यसअघि छुटेका ६२ वर्षभन्दा माथि उमेर समूहका र सरकारले तोकेको ५५ वर्षदेखि ६१ वर्ष उमेरका मानिसलाई खोप लगाउने जनाएको छ ।

सरकारले तोकेको प्राथमिकताका आधारमा खोप लगाए पाल्पाका लागि ३२ हजार बढी कोरोना विरुद्धको खोप आवश्यक पर्छ । तर खोप कम आएकाले यसअघि प्राथमिकतामा परेका तर छुटेका (६२ वर्ष माथिका) र ५५ वर्षदेखि ६१ वर्षका नागरिकलाई खोप लगाउन निर्णय भएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ ।

माग भएअनुसार खोप आएको भए पेशागत क्षेत्रमा क्रियाशिल व्यक्तिलाई पनि खोप लगाउने भनिएको थियो । खोपको उपलब्धता कम भएकाले



सरकारको नीति अनुसार खोप लगाउने निर्णय भएको स्वास्थ्य कार्यालय पाल्पाका सूचना अधिकारी ओमप्रकाश पन्थीले जानकारी दिए । खोपको तालिका सार्वजनिक भएपनि शिक्षा क्षेत्रमा क्रियाशिल व्यक्तिहरूले सामाजिक संजालमा विरोध गर्नुको अर्थ नरहेको स्वास्थ्य कार्यालयको भनाई छ ।

'खोप आएपछि तोकिएका सबै क्षेत्रका मानिसलाई खोप लगाउने कार्यक्रम छ' सूचना अधिकारी पन्थीले भने । 'छुटेका जेष्ठ नागरिक, उमेरमा महिना र दिन अपुग भएर पहिले छुटेका नागरिकलाई छाड्न भएन' उनले थपे । खोप अभावका कारणले अहिले देशका विभिन्न स्थानमा खोप कार्यक्रम स्थगित भएको प्रति आफूहरु सचेत रहेको स्वास्थ्य कार्यालयको भनाई छ ।

शिक्षक पेशामा आबद्ध व्यक्तिहरूले भने शिक्षक तथा प्राध्यापकलाइ खोप नदिएको भन्दै विरोध जनाएका छन् । उनीहरूले सामाजिक संजालमा शिक्षण पेशामा आबद्ध भएकाले सरकारले तोकेको प्राथमिकतामा आधारमा तत्काल खोप पाउनुपर्ने बताएका छन् ।


पाल्पामा यसअघि केही पालिकाले खोप दुरुपयोग गरेको भन्दै उनले यो पटक कसैले खोप दुरुपयोग गरेर आफ्ना आफन्तलाई लगाए कारबाही हुने पन्थीले बताए । पाल्पामा यसअघि ६२ उमेर समूहभन्दा माथि र कोरोना नियन्त्रणका लागि अघिल्लो लहरमा खटेका मानिसले खोप लगाइसकेको छन् ।

# भीमदत्तमा भूमिहिनका लागि जग्गा नाप जाँच शुरु

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ३ साउन

भीमदत्त नगरपालिकामा भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासी परिवारलाई जग्गा उपलब्ध गराउन नाप जाँच शुरु गरिएको छ । जग्गाधनी पूर्जा वितरण गर्ने गरी जग्गा नाप जाँच शुरु गरिएको हो ।

भीमदत्त नगरका मेयर सुरेन्द्र विष्टले जग्गा नाप जाँच कार्य सुरु गरेका हुन् । जग्गा नाप नक्साङ्कन उद्घाटन गर्दै भीमदत्त नगरका नगर प्रमुख विष्टले संविधानमा उल्लेख भए अनुरुप सबै नागरिकलाई जमिनको मालिक बनाइने बताए । उनले चुनावमा गरिएका वाचा अनुसार भूमिहिन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासी वासिन्दालाई जग्गाको मालिक बनाउने बताएका थिए । उनले भने 'अब जनतालाई साँच्चिकै रुपमा जग्गाको मालिक बनाउने प्रक्रिया सुरु गरिएको छ, जग्गा नाप जाँचपछि जग्गाधनी पूर्जा वितरण हुन्छ ।'



भीमदत्त नगरपालिकामा मात्रै ८ हजार भन्दा बढी भूमिहिन, भूमिहिन दलित, सुकुम्बासी र अव्यवस्थित परिवारले जग्गाधनी पूर्जा पाउने छन् । उच्चस्तरीय भूमि आयोगसित गत वर्ष सम्झौता गरी जग्गाधनी वितरण प्रक्रिया शुरु गरिएको थियो ।

भीमदत्त नगरपालिका सबै १९ ओटै वडामा लगत संकलन गरिएको छ । नगरपालिकामा आयोगको कार्यालय स्थापना गरी जग्गाधनी पूर्जा वितरण कार्य गरिएको छ ।

भीमदत्त नगरपालिकाका प्रवक्ता हिमाल बहादुर चन्दले नगरका सबै भूमिहिन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जमिनको मालिक बनाउँदै लालपुर्जा दिलाउनका लागि काम शुरु भएको बताए ।

'हाम्रो नगरमा भूमिहिन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीका लागि जमिन नाप्ने काम शुरु भएको छ, ' प्रवक्ता चन्दले भने, 'अब सबै जनतालाई लालपुर्जा दिलाउँछौं ।'

यसैबीच मेयर विष्टले गरिब, विपन्नका लागि निर्माण भएको आवास समेत हस्तान्तरण गरिएको छ । उक्त कार्यक्रममा भीमदत्त नगरका जनप्रतिनिधि सहभागी भएका थिए । भीमदत्त नगरपालिकाले भूमिहिन, भूमिहिन दलित र अव्यवस्थित बसोबासीको काम सुरु भएसंगै बर्षौंदेखि जग्गाधनी पूर्जा र जमिन विहिन नागरिक अब जमिनको स्वामित्व पाउने भएपछि हर्षित भएका छन् ।

# विकाससँग जोडिँदै ऐतिहासिक सम्पदा

**गलेश्वर/रासस**–म्याग्दीको बेनी नगरपालिका-२ ज्यामरुककोटस्थित ऐतिहासिक र पुरातात्विक महत्वका खड्भवानी कोत परिसरका सम्पदा विकाससँग जोडिन थालेका छन् ।

समुद्री सतहदेखि एक हजार ६४८ मिटर उचाइमा रहेको करीब ६०० वर्ष पुरानो आँखीझ्याल मानिने ज्यामरुककोटको ऐतिहासिक, पुरातात्विक र पर्यटकीय महत्वलाई उजागर गर्नका लागि वडा कार्यालयले धमाधम पूर्वाधार निर्माणका काम थालेपछि सम्पदा विकाससँग जोडिन थालेका हुन् ।

१५ औं शताब्दीमा प्रारम्भसँगै थापाहरूले राज्य गरेको ज्यामरुकोटको (खड्गभवानी कोत) परिसरलाई धार्मिक र प्राकृतिक पर्यटकीयस्थल बनाउने उद्देश्यले बेनी नगरपालिका र वडा कार्यालयले पूर्वाधार निर्माणमा तीव्रता दिएको वडाध्यक्ष हीराबहादुर थापाले बताए । उनका अनुसार थापा र मल्लकालीन विरासत बोकेका यो परिसरमा मल्लकालमा प्रयोग भएका अत्यन्त दुर्लभ हातहतियार छन् ।

अध्यक्ष थापाका अनुसार ज्यामरुककोटलाई धार्मिक, प्राकृतिक र ऐतिहासिक महत्वको सङ्गमस्थल बनाउने प्रयास गरिएको छ । बेनी नगरपालिका र गण्डकी प्रदेशको पर्यटन मन्त्रालयको सहयोगमा गतवर्ष रु २१ लाखको लगानीमा मन्दिरसम्म पुग्ने ३५० मिटर पदमार्ग र रेलिङ निर्माण गरिएको थियो । यसवर्ष पनि नगरपालिकाको पर्यटन विकासको बजेटबाट रु पाँच लाख र वडा कार्यालयको रु दुई लाखबाट कोत परिसरमा २१० मिटर घेराबार, दुई सय मिटर बाटो ढलान, पटाङ्गीनी निर्माण, नाग थान र मौलो राख्ने बेनी निर्माण गरिएको ज्यामरुकोट क्षेत्र विकास तथा गुठी व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण घिमिरेले बताए ।

# गौरमा लैङ्गिक हिंसा सम्बन्धि एक दिने अभिमुखीकरण तालिम सम्पन्न

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ३ साउन

इस्लामिक रिलिफ नेपाल र क्यानाडाको संयुक्त सहयोगमा संचालित लैङ्गीक हिंसा सम्बन्धि एक दिने अभिमुखीकरण कार्यक्रम गौरमा सम्पन्न भएको छ । समान र न्यायिक समाजको लागि लैङ्गिक हिंसाका विरुद्ध काम गर्ने सञ्चारकर्मीहरुले कसरी समाजमा रहेका गरिब, निमुखा, उत्पीडित एवं पिछिडिएका समुदायमा प्रभावकारी हुनु पर्ने त्यसको बारेमा समाचार सप्रेसन गर्दा ध्यान दिनुपर्ने कुराहरुका विषयमा प्रशिक्षक आरती कुमारी भगतले जानकारी गराएकी थिइन् ।



ग्रामिण विकास केन्द्र नेपाल रौतहटको आयोजनमा र नेपाल पत्रकार महासंघको सहकार्यमा अभिमुखीकरण कार्यक्रमका अध्यक्ष पारस हुसैन प्रमुख अतिथि प्रदेश २ का सदस्य शैलेन्द्र झा, उपाध्यक्ष रजनी ठाकुर साथै जिल्लाका दर्जनौ संचारकर्मीहरुको उपस्थिति रहेको थियो । पत्रकार आचार संहितमा रही समाचार लेखन वृतिमा ध्यान दिन पनि जोड दिइएको थियो ।

संचारकर्मीहरु मध्ये वर्षमा चार जनालाई पुरस्कृत गर्ने घोषणा गरेका छन् । यसको छनौट पत्रकार महासंघले गर्ने ग्रामिण विकास केन्द्रका अध्यक्ष हुसैनले सो अबसरमा जानकारी गराएका थिए ।

## एउटा...

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष तिलकबहादुर रानाभाटले सरकारले फ्रि भिसा फ्रि टिकटको निर्णयमा व्यवसायीलाई शोषण गरकोले त्यसको अन्त्य गर्नुपर्ने माग गरे । सरकारले कामदार पठाउने इजरायल र कोरिया कामदार पठाउँदा रकम लिन पाउने तर व्यवसायीले पठाउने मुलुकमा निःशुल्क पठाउनु पर्ने भन्दै म्यानपावर कम्पनीले कम्तीमा एक महिनाको तलव पाउने विषय आइएलओ र डब्लूटीओले स्वीकार गरेकोले पेशामा पारदर्शिता आवश्यक हुने बताए ।

संघका कार्यवाहक अध्यक्ष कमल तामाङले संघले व्यवसायीका समस्या समाधान गर्न कुनै स्वार्थ नराखी काम गरिरहेको भन्दै कतार भिसा सेन्टर (क्यूभीसी)को कार्य प्रणाली सुधारको माग गरे ।

काठमाडौंमा लगाइएको निषेधाज्ञा हटे आगमी असोजमा संघको साधारणसभा गर्ने भन्दै प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले अनावश्यक होहल्ला गरेर व्यवसायीहरुलाई भ्रममा पारेको दाबी गरे । उनले भने, 'वैदेशिक रोजगार ऐनमा वैदेशिक रोजगार व्यवसायीले तीन वर्षका लागि इजाजतपत्र नवीकरण गर्नसक्ने लेखिएको विषयमा प्रगतिशीलले आफुले गराएको भनेर नाङ्गो राजनीति गरेको छ, संघले बोलाउँदा नआउने तर प्रधानमन्त्री कार्यालयको टिपेक्स लगाएको नक्कली चिठ्ठी बाँडेर हुँदैन ।'

संघका पूर्व अध्यक्ष विमल ढकालले एसोसिएसन पार्टीको शुभेच्छुक संस्था भएकाले पार्टी नीतिप्रति इमान्दार भएर काम गनुपर्ने आग्रह गरे । एसोसिएसनका अर्का पूर्व अध्यक्ष किरण किशोर घिमिरेले समग्र देशको अर्थतन्त्रमा २९ प्रतिशत योगदान दिएको र अर्थतन्त्र बचाएका क्षेत्रमा व्यवसायीका समस्या समाधानका लागि सकारात्मक पहल हुनुपर्ने माग गरे । व्यवसायीहरुले इजाजतपत्रका लागि राखेको धरौटी व्यवसायीहरुले नै निश्चित समयका लागि चलाउन पाउने व्यवस्था गर्न पाए राहत हुने भन्दै वैदेशिक रोजगारमा शुन्य लागतको कांग्रेसको सरकारको पालामा आएकोले सुधार पनि कांग्रेसको सरकारको पालामा हुनुपर्ने माग गरे ।

एसोसिएसनका अर्का पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेले कोरोनाका कारण व्यवसाय ठप्प भएको तर विदेश जाने कामदारले क्वारेन्टिनसहित १ लाख ७० हजारसम्म खर्च गर्नुपरेको बिडम्बना रहेको भन्दै त्यसको समाधान गरी वैदेशिक रोजगारका लागि तत्कालका लागि जोन्सन एण्ड जोन्सनको ५० हजारदेखि एक लाख खोप भए पुग्ने धारणा राखे ।

कार्यक्रममा उपस्थित नेपाली कांग्रेस पाँचथर सभापति नरेन्द्रकुमार केरूङले वैदेशिक रोजगारले मुलुकमा व्यवस्थापन हुन नसकेका युवाहरूलाई विदेशका व्यवस्थित उद्योगमा रोजगारी दिएर र गाउँको अर्थतन्त्रको विकासमा योगदान दिएकाले व्यवसायीको योगदानलाई उच्च मुल्यांकन र सम्मान गर्नुपर्ने बताए ।

कार्यक्रममा एसोसिएनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालले व्यवसायीलाई एकतावद्ध गरेर ऐन नियम परिवर्तन गर्ने, व्यवसायीले राखेको दुई करोड धरौटीमध्ये पचास लाख रुपैयाँ तत्कालका लागि फिर्ता गराउन पहल गर्ने बताए । यसअघि नेपाली कांग्रेसका सभापति शेर बहादर देउवा प्रधानमन्त्री हुँदा राहत पाएकाले यसपटक पनि राहत पाउनेमा आशावादी बनाएको बताए । एसोसिएसनले व्यवसायी कल्याण कोष, सेवा शुल्क परिमार्जन गर्न पहल गर्ने बताउँदै सरकारले पाँच सय रुपैयाँको पासपोर्ट दिँदा दश हजारसहित कोरिया र इजरायल पठाउँदा रकम लिने तर व्यवसायीहरुलाई निःशुल्करुपमा पठाऊ भनेर भन्न नहुने तर्क गरे ।

उनले तत्काल वैदेशिक रोजगार व्यवसायी र उनीहरुका कर्मचारी सबैलाई खोप, क्यूभीसी समस्याको समाधान हुनुपर्ने भन्दै हप्ता दिनभित्र सहजरुपमा सेवा दिन नसके क्यूभीसी बन्द गर्नुपर्ने एसोसिएसनको माग रहेको बताए । संघले सबै ८ सय ५४ व्यवसायीको नेतृत्व गर्नुपर्ने भन्दै संघले नेतृत्व गर्न नसके एसोसिएसन अघि बढ्ने समेत ढकालले बताए । एसोसिएसनका बरिष्ठ उपाध्यक्ष तारानाथ अर्यालले सञ्चालन गरेको कार्यक्रममा वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटाले धन्यवाद मन्तव्य राखेकी थिइन् ।

त्यस अवसरमा पार्टीका विभिन्न विभागमा पार्टी सभापतिद्वारा मनोनित बिमल ढकाल, प्रज्ञान न्यौपाने, भुवन सिंह गुरुङ, सीता देवकोटा, शेषकान्त पुरी, श्याम श्रेष्ठ , कमल काफ्ले, नारायण पराजुली, जनक प्रसाद खड्का, नवीन पोखरेल, राधिका कटुवाल, मेघनाथ भुर्तेल, सोचेन्द हमाल, घनश्याम तामाङ, प्रकाश बोहोरा, कर्ण कटुवाल, कमल देव मल्ल, श्याम श्रेष्ठ, विक्रम श्रेष्ठ लगायतलाई सम्मान गरिएको थियो । एसोसिएनले एसोसिएसनका तृतीय उपाध्यक्ष नारायण पराजुलीको संयोजकत्वमा यम बहादुर बुढाथोकीसहित रहेको क्यालेडर प्रकाशन समिति गठन गरेको थियो । कार्यक्रममा उनीहरु सबैलाई सम्मान गरिएको थियो ।

तामाङले लिए एसोसिएसन सदस्यता

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्ष बल बहादुर तामाङ सहितका व्यवसायीहरुले नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको सदस्यता लिएका छन् ।

नेकपा एमाले विवाद बढेको अवस्थामा केही समय अगाडि तामाङले नेपाली कांग्रेसका पार्टी सभापति शेर बहादुर देउवाबाट सदस्यता पाएका थिए । तामाङसँगै व्यवसायी भिम रोका, प्रेम प्रसाद दुलाल, बलभद्र ढकाल नेपाली कांग्रेसमा प्रवेश गरेका थिए । कार्यक्रममा तामाङले एमाले अध्यक्ष केपी ओली उत्तर कारिया तिर लागेपछि आफु नेपाली कांग्रेस प्रवेश गरें भन्दै संघ नेतृत्व नीतिगत निर्णय, सेवा शुल्क परिमार्जन, कामदारलाई खोपका प्रवन्ध गर्न माग गरे ।

## एनआरएनए...

मध्यान्हलाई बताए । उनले बहराइनका गैर आवासीय नेपाली र वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि यो सम्मेलन एउटा महत्वपूर्ण अवसर हुने समेत बताए ।

## महन्थ...

थिइन् । यदि ठाकुर पक्ष काँग्रेस सभापति देउवाको पक्षमा उभिएका थिए भने ३० वैशामै सरकार बन्ने थियो । किनकि संसदमा काँग्रेससँग ६१, नेकपा माओवादी केन्द्रसँग ४९, जसपा ३२ र राष्ट्रिय जनमोर्चाका १ सांसद उभिनासाथ देउवा प्रधानमन्त्री बन्ने थिए ।

तर ठाकुर पक्षले मत दिएन । यसले गर्दा संविधानको धारा ७६ (२) बमोजिम सरकार बन्न सकेन । बरु, ठूलो दलको हैसियतमा ओलीले नै ३० वैशाखमा संविधानको धारा ७६ (३) बमोजिमको प्रधानमन्त्री बने । ओलीलाई पनि ठाकुर पक्षले विश्वासको मत दिन चाहेन । यदि एमाले एकताबद्ध हुन्थ्यो र जसपाका ठाकुर पक्षका २० सांसदले साथ दिदा ओलीको सरकार चल्ने थियो । तर एमाले एकताबद्ध भएन भने ठाकुर पक्षले मत नदिने भएपछि संसद् विघटनको बाटोमा अगाडि बढ्यो ।

माधव समूहका २३ सांसदले देउवालाई समर्थन गरेपछि संसद् विघटनको निर्णय बदर भयो भने देउवा प्रधानमन्त्री नियुक्त भए । संसद् पुनर्स्थापना र देउवा प्रधानमन्त्री नियुक्त भएपछि भने ठाकुर पक्षले निर्णय बदल्दै विश्वासको मत दिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : Al-Kaabi Factory for Manufacture & Coating Steel Co. शहरः Dammam
पूर्व स्वीकृत मितिः २०७८/03/१६ चलानी नं.: ६0१५९४५८ LT. No.: 241601 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Machine Operator | 4 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ६९,८0६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 4 | 0 | | 1800 | ५७,११४ | | | | | | | |

२. कम्पनी : CAFE KAMAR FOR BEVERAGES, शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०७८/03/१६ चलानी नं.: ६0१५९४६१ LT. No.: 241684 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,0७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७८ साउन ११ गते (26 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं.१ को रु. १0,000/- क.नं.२ को निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# स्वास्थ्यप्रति जागरुक हुँदै कालिकोटका महिला



सन्दिप वि.क/मध्यान्ह
काठमाडौं, ३ साउन

कालिकोट तिलागुफा नगरपालिका वडा नं.४ दलितटोलकी डल्ली वि.क आजभोली प्रजनन् स्वास्थ्य र गर्भपतनका विषयमा खुब चासो राख्छिन् ।

१६ वर्षकै उमेरमा विवाह गरेकी उनले १७ वर्षको उमेरमा गर्भवती भइन् । तर उनको तीन महिनामै गर्भ खेर गयो । गर्भ खेर जानुका कारण उनलाई थाहा थिएन । फेरि १८ वर्षको उमेरमा उनी गर्भवती भइन् ।

गाउँघरमा मेलापात गर्दा गर्दै उनको बच्चा जन्मियो । छोरो जन्मिएको १२ दिन नपुग्दै उकाली ओराली गर्दै उनी काम गर्न बाध्य भइन् ।

जेठो छोरो ९ महिना नपुग्दै उनको पेटमा फेरि अर्को बच्चा बस्यो । त्यसपछि उनलाई ९ महिनाको छोरा र पेटमा रहेको बच्चालाई स्याहार्न अप्ठ्यारो भयो । उनको पेटमा रहेको बच्चा साढे ३ महिना पुगि सकेछ । त्यसपछि उनी औषधि लिन नजिकैको स्वास्थ्य चौकीमा गइन् । स्वास्थ्य चौकीमा औषधी नपाएर त्यसै घर फर्कीएकी उनले भोलीपल्ट मात्रै नाग्मा बजार पुगेर मेडिकलबाट १२ सयको औषधी किनेर ल्याएर खाइन् ।

उनी भन्छिन्, 'औषधी खाएको ५ दिनसम्म रगत बग्यो । तर बच्चा खेर गएन । पेट असाध्यै दुख्यो । ६ दिनमा बच्चा आधा खसेछ । बच्चा खसेर पनि मेरो पेट दुख्न छाडेन । रगत बग्न पनि छोडेन । अन्तिम अवस्था भइ सकेको थियो । अस्पताल टाढा थियो । अस्पताल नै जानुपर्ने भयो । म वेहोसमा थिए । ऋण खोजेर मेरो श्रीमानले जुम्ला अस्पताल लगेर मेरो उपचार गर्नुभयो ।'

ठूलो छोरा २ वर्ष पुगेर ३ वर्ष लागेपछि फेरि उनी गर्भवती भइन् । गाउँघरमा मेलापात गर्दागर्दै उनको अर्को बच्चा जन्मियो ।

त्यसै क्रममा उनी घरपरिवारले न जा भन्दाभन्दै पनि बलजबस्ती आमा समुहको सदस्य बन्न पुगिन् । उनी प्रत्येक महिनाको एक चोटी बैठकमा उपस्थित हुन्थिन् । आमासमुहमा बस्दा उनलाई धेरै ज्ञान भयो ।

उनी भन्छिन्, 'आमा समुहको बैठकमा हामी बसिरहेको अवस्थामा एक्सन वर्क्स नेपालबाट एक जना सामुदायिक सहजकर्ता आउनुभयो । उहाँ सुरक्षित गर्भपतन र परिवार नियोजन सेवाको बारेमा छलफल गर्न २, २ महिनाको फरकमा आउनुभयो । त्यसबीचमा मेरो छोरी जन्मिइन । त्यसपछि मेरो घरमा घरभेटमा सामुदायिक सहजकर्ता आउनुभयो । परिवार नियोजनका बारेमा पनि मेरो श्रीमानलाई सिकाउनुभयो । त्यसपछि पनि मेरो फेरि बच्चा बसेको थियो । सामुदायिक सहजकर्ताकै सल्लाहमा हामीले जुम्ला मेरि स्टोपमा गएर सुरक्षित गर्भपतन गरायौं । अहिले हामीले गर्भ निरोधका साधन प्रयोग गरिरहेका छौं ।'

तिलागुफा नगरपालिका वडा नं ६ जुविथाकी २९ वर्षीया राधा शाहीको भोगाइ पनि उस्तै छ । १८ वर्षकै उमेरमा विवाह गरेकी उनले १९ वर्षमा गर्भवती भइन् ।

उनको पहिलो बच्चा छोरी जन्मिइन् । उनी भन्छिन्, 'छोरी जन्मिएको ११ महिनापछि मेरो फेरि अर्को बच्चा बसेछ । बच्चा बसेको थाहा पाएपछि म नजिकैको स्वास्थ्य संस्थामा जाँच्न गए । त्यसपछि मेरो पेटमा साढे २ महिनको बच्चा रहेको थाहा भयो । गर्भपतनको औषधि मागे । स्वास्थ्य संस्थामा औषधि रहेनछ । मेडिकल जाउँ म सँग पैसा थिएन । त्यसपछि ममा घरायसी जडिबुटी प्रयोग गर्ने सोच आयो । गाउँको दिदीको सल्लाह बमोजिम मैले सिस्नोको जरा र गहत पकाएर खाए । त्यसपछि अलिकति रगत बग्यो । मेरो बच्चा खेर गएन कि पेटमा बच्चा मरेछ । पेट धेरै दुख्यो । म थला नै परे । त्यसपछि मेरो श्रीमानले ऋण काडेर मलाई नेपालगञ्ज पुर्याउनुभयो । त्यसपछि पेटको बच्चा मेरो पाठेघरमा टासिएको रहेछ ।' त्यसपछि उनको पाठेघर सफा गरियो । उनीपनि आमा समुहको बैंकमा सहभागि हुन थालिन् ।

उनी भन्छिन्, 'एक्सन वर्क नेपालबाट १ जना परिचालिका आमा समुहको बैठकमा बसेको ठाउँमा आइपुग्नुभयो । सुरक्षित गर्भपतनका बारेमा र परिवार नियोजनका बारेमा जानकारी गराउनुभयो । श्रीमानलाई पनि बताउनुभयो । त्यसपछि ३ वर्षपछि मेरो छोरा जन्मियो । अहिले मेरो श्रीमानले पनि परिवार नियोजनको साधान प्रयोग गर्नुभएको छ । पहिल्यै सबै कुरा थाहा पाएको भए दुःख पाउने थिइन ।'

यि त केहि उदाहरण मात्र हुन् । नेपालका ग्रामीण भेग भनौं वा शहरबजारमै अझैपनि कतिपय महिलाहरु सुरक्षित गर्भपतन र परिवार नियोजनका बारेमा थाहा नपाउँदा अकालमै मृत्युवरण गर्न बाध्य भएका छन् ।

गर्भपतन सेवा निःशुल्क छ तर, महिलालाई यो सेवा निःशुल्क प्राप्त गर्न सकिन्छ भन्ने जानकारी हुँदा समस्यामा पर्ने गरेका छन् । उनीहरुले धामी, झाँक्रीसमक्ष पुग्ने, झारपात वा अन्य औषधि प्रयोग गरिरहेको पाइन्छ । असुरक्षित गर्भपतनले शारीरिक एवं मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पारेका धेरै उदाहरण पनि छन् । कालिकोट जिल्लाका विभिन्न गाउँहरुमा सरकारी स्वास्थ्य सेवासँगै अन्य संघसंस्थाले पनि प्रजनन् स्वास्थ्य र गुणस्तरिय स्वास्थ्यका कार्यक्रम सञ्चालन गर्न थालेपछि स्थानीय महिलाहरु यौन तथा प्रजनन् स्वास्थ्यबारे सचेत हुन थालेको त्यहाँका महिलाहरु बताउँछन् ।

कालिकोटका ग्रामीण क्षेत्रमा एक्सन वर्क्स नेपाल लगायत विभिन्न संघसंस्थाहरुले प्रजनन् स्वास्थ्य, गर्भपतनको कानूनी मान्यता, परिवार नियोजनका साधनहरूको प्रयोगबारे महिलाहरुलाई जानकारी दिने र सम्बन्धीत स्वास्थ्य संस्थालाई आवस्यक स्वास्थ्य सामग्री पनि प्रदान गर्दै आएको छ । जसले गर्दा त्यहाँका महिलाहरुमा यो सेवा लिनु पर्छ भन्ने चेतना सँगै सेवा लिनेको सख्या पनि बढ्दै गएको छ ।

एक्सन वर्क्स नेपालले कालिकोटमा गरेको एक अध्ययनका क्रममा ४५.२ प्रतिशतले महिलाले गर्भपतन गर्दा पाप लाग्ने भन्ने बताएका थिए । २९ प्रतिशत महिलाले गर्भपतन गर्न चाहना नभएको बताएका छन् । गर्भपतन गर्ने महिलाले आफ्नो परिवार (३०.५ प्रतिशत) र समुदाय (२९.५) प्रतिशतले लाजमर्दो भएको बताएका थिए ।

एक्सन वर्क्स नेपालका कार्यक्रम अधिकृत सञ्जय चन्द कालिकोटको साविकका १५ वटा गाविसमा आफुहरुले गर्भपतन सम्बन्धी र परिवार नियोजन सम्बन्धी सचेतना बढाउन सक्दो सहयोग गरिरहेको बताउँछन् ।

उनीहरुलाई परिवार नियोजन र गर्भपतनका बारेमा ज्ञान दिँदा बच्चा धेरै जन्माउनेको संख्या घटेको र मातृ मृत्युदर पनि घटेको उनको भनाइ छ ।

अहिले धेरै हदसम्म महिला र किशोरीहरुले महिनावारी बार्ने चलन पनि घट्दै गएको अधिकृत चन्द बताउँछन् ।

जनस्वास्थ्य कार्यालय कालिकोटकी स्टाफ नर्स सेतु शाही सरकारले महिलाहरुको सुरक्षित गर्भपतनका विषयमा जिल्ला हुँदै वडा स्तरबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउँछिन् । जन स्वास्थ्य कार्यालयले पनि यो आवस्यकतालाई आत्मसाथ गरी मासिक र चौमासिक रुपमा छलफल गर्दै आएको उनको भनाइ छ । उनी जिल्लामा अझैं असुरक्षित गर्भपतनलाई शुन्यमा झार्नका लागि के गर्न सकिन्छ भनेर संघसंस्थासँग समन्वय गरिरहेको बताउँछिन् ।

जिल्ला जनस्वास्थ्य कार्यालय कालिकोटका अनुसार आर्थिक वर्ष २०७७/७८ मा सुरक्षित गर्भपतन सेवा पाउनेमा २० वर्ष तलका मेडिकल १ जना र सर्जिकल १ जना रहेको छन् । २० वर्ष माथिका मेडिकल सेवा लिने १ सय ९८ जना र सर्जिकल सेवा लिने ६३ जना रहेका छन् ।

गर्भपतन पश्चात परिवार साधन अपनाएकामा छोटो अवधिकाको १ सय ४७ र लामो अवधिको ३७ जनाले सेवा लिएका छन् । गर्भपतन पश्चात जटिलता भएका १ जनामा जटिलता देखिएको छ । यस्तै कालिकाटेमा दक्ष प्रसुतिकर्मीबाट २ हजार ८ सय ६७ जनाले प्रसुति सेवा लिएका छन् भने ४ सय ४ जनाले अन्य स्वास्थ्यकर्मीबाट सेवा प्रसुती सेवा लिएका छन् ।

जिल्ला जनस्वास्थ्य कार्यालय कालिकोटका प्रमुख कटक महत पछिल्लो समय जिल्लामा असुरक्षित गर्भपतन गराउनेको संख्या कमि हुँदै आएको बताउँछन् । जिल्लामा महिला स्वास्थ्य र प्रजनन्का विषयमा जनचेतना फैलाउन विभिन्न संघसंस्था लगायतको साथ र सहयोग रहेकाले पनि महिलाहरुमा सचेतना फैलिँदै गएको उनको भनाइ छ ।

## मर्कजे अहले सुन्नत दरगाहें आला हजरत बरेलीको सहयोगमा गरिब परिवारहरुलाई राहत वितरण



इमरान खान/मध्यान्ह
कपिलवस्तु, ३ साउन

कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकामा रहेको अल जामियातुल बरकातिया लिलबनातमा कोरोना प्रभावित गरिब पीडित असहाय परिवारहरुमा राहत वितरण गरिएको छ ।भारतको बरेलीमा रहेको मुस्लिम समुदायको ठुलो धार्मिक आस्थाको केन्द्र मर्कजे अहले सुन्नत दरगाहें आला हजरतको सहयोग तथा नेपाल वल्मा काउन्सिल र इत्तेहाद नेपालको सहकार्यमा कोरोना प्रभावित परिवारहरुमा खाद्यान्न समाग्री वितरण गरिएको हो ।

दरगाहें आला हजरतबाट खाटिएको प्रतिनिधिमण्डलले नेपालको दुई जिल्ला बाँके तथा कपिलवस्तुका गरिब पीडित परिवारलाई राहत समाग्री वितरण गरी नेपाल भारतको मित्रतालाई थप बलियो बनाएको र यो प्रतिनिधिमण्डलले केही दिन पहिला नेपालको विभिन्न जिल्लाहरुको अवलोकन गरेको कुरा इत्तेहाद नेपालका अध्यक्ष किफायातुल्लाह खांले बताएका छन् ।

राहत वितरण गर्न भारतबाट आएको प्रतिनिधिमण्डलको नेतृत्व मौलाना मुफ्ती सलीम नुरी (बरेली), मौलाना सहाबुद्दीन रिजवी (बरेली), मौलान गुलाम मुस्तफा रिजवी (बरेली) ले गरेका थिए ।

उक्त मण्डलका प्रमुख मुफ्ती नुरीका अनुसार मानवतालाई जोगाउन एक अर्कालाई सहयोग गर्नु नै असल अहले सुन्नत जमातको पहिचान हो । उनले भने, 'पीडित असहायहरुको मद्दत गर्नु नै मानव जातिको लागि एउटा ठुलो उपलब्धी हो, नेपाल भारतको सम्बन्ध आत्मीय रहेकोले हामीले एक अर्का प्रति सहयोगको भावना सदैव राख्नु पर्छ । नेपाल भारत बीचकोधार्मिक सांस्कृतिक सम्बन्धलाई अझै बालियो बनाउनका लागि आउने दिनमा नेपाललाई थप सहयोग गर्ने हाम्रो तयारी रहेको छ ।'

दरगाहें आला हजरत बरेलीले विगतमा पनि नेपाली नागरिकहरुलाई शैक्षिक, आर्थिक तथा समाजिकरुपले सहयोग गर्ने प्रतिबद्धता मुफ्ती नुरीले गरेका छन् ।कार्यक्रमलाई सफल बनाउनका लागि नेपाल वल्मा काउन्सिलका मौलाना मुस्ताक अहमद बरकाती, हाफिज अहमद यार, मौलाना अकिल, मौलाना सद्दाम हुसेन, मौलाना सेराज अलीमी, मौलाना महबुब अली, मौलाना अहमद रजा, मौलाना रफीक इत्तेहाद नेपालका अकबर अली वास्ती हैदर अली हासीम अली लगायतहरुले निकै मेहनत गरेका थिए ।

## लायन्स क्लव शुभारम्भले बालाजुमा गऱ्यो वृक्षरोपण



**काठमाडौं/मस–** लायन्स क्लव अफ काठमाडौं शुभारम्भले बालाजुमा वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ । शनिबार एक कार्यक्रममा बालाजु संरक्षण समिति, लायन्स क्लव इन्टरनेशनल ३२५ बी १ का रिजन-६९, जोन-१३९ र १४० का क्लवहरुले संयुक्त रूपमा वृक्षरोपण गरेका छन् । बालाजु पुल छेउको खाली जग्गमा वृक्षरोपण गरिएको हो ।

कार्यक्रमको संयोजन गर्ने लायन्स क्लव अफ काठमाडौं शुभारम्भका सेकेण्ड भाइस प्रेसीडेन्ट तथा बालाजु संरक्षण समितिका अध्यक्ष सञ्जय गुरुङप्रति शुभारम्भका अध्यक्ष भाष्कर श्रेष्ठले हार्दिक आभार प्रकट गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि डिस्ट्रीक गभर्नर विशेश्वर लायन आचार्य, फस्ट लेडी सिया लामिछाने, विशेष अतिथि फस्ट डिस्ट्रीक गभर्नर महेन्द्र पौडेल, सेकेण्ड डिस्ट्रीक भाइस गभर्नर मनिश्री लयातका अतिथिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा जोन चियरपर्सन धनमायाँ सिञ्जाली श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

वृक्षारोपण कार्यक्रमपछि सोही स्थानमै केक काटेर लायन्स क्लव अफ काठमाडौं शुभारम्भका अध्यक्ष श्रेष्ठसहित मुस्कान महर्जन, सुस्मिता गुरुङ, सुरेन्द्र कुमार सांघाईको जन्मदिन मनाइएको थियो ।

## कोरोना महामारीसँगै महाकाली अस्पतालमा थपियो पूर्वाधार

गोमती पाल/मध्यान्ह
महेन्द्रनगर, ३ साउन

कोरोना भाइरस (कोभिड १९) संक्रमण महामारी फैलिएपछि महाकाली प्रादेशिक अस्पतालमा पूर्वाधार थपिएका छन् । कोरोना महामारीको पहिलो लहरदेखि दोस्रोसम्म अस्पतालमा पूर्वाधार निर्माण गरिएका छन् ।अस्पतालमा स्थापनापछि पहिलो पटक चिकित्सक दरबन्दी पूर्ति गरिएको छ । यस अघि दरबन्दी अनुसार चिकित्सक नहुँदा सेवा प्रवाहमा असहज भइरहेको थियो । जनशक्ति व्यवस्थापनसंगै थपिएका पूर्वाधारले अस्पतालको सेवा प्रवाह थप सहज बनेको छ ।

महाकाली प्रादेशिक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. हरि कुमार श्रेष्ठले कोरोना महामारीमा अस्पतालका लागि चाहिने पूर्वाधार थपिएको बताए । 'कोरोना महामारी मात्रै होइन, अरु बेला पनि चाहिने गरी पूर्वाधार थपिएका छन्' उनले भने ।

कोरोना महामारीपछि अस्पतालमा ५० शैय्याको आइसोलेसन कक्ष निर्माण गरिएको छ । सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा महामारीको पहिलो चरणमा आइसोलेसन निर्माण गरिएको थियो ।महामारीको दुबै लहरका बिरामीको आइसोलेसनमा भर्ना गरी उपचार गरिएको छ । आइसोलेसनमा २५ बेडमा एचडियु सञ्चालन गरिएको छ ।




अस्पतालमा १६ शैय्याको एचडियु कक्ष पनि सञ्चालनमा आएको छ । ६ बेडको सघन उपचार कक्ष पनि कोरोना महामारीका बिरामीको उपचारका लागि प्रयोगमा आएको छ ।महाकाली अस्पतालमा पीसीआर ल्याब सञ्चालनमा आएको छ । भीमदत्त नगरपालिकाले कोरोना परीक्षणका लागि पीसीआर मेसिन खरिद गरेपछि प्रयोगशाला सञ्चालन गरिएको हो ।

ल्याब सञ्चालनमा आएपछि पीसीआर परीक्षणका लागि धनगढी जानुपर्ने बाध्यता हटेको छ । पहिलो चरणको महामारीमा पीसीआर जाँच धनगढीबाट गरिएको थियो । दोस्रोमा अस्पतालमा कोरोना जाँच गरिएको छ ।

कोरोनाबाट मृत्यु भएका बिरामीका लागि अस्पतालमा शव व्यवस्थापन कक्ष बनाइएको छ । अस्पतालमा कर्मचारीहरुका लागि आइसोलेसन कक्ष पनि तयार गरिएको छ । अस्पतालमा कर्मचारी आइसोलेसन कक्ष ६ शैयाको बनाइएको छ ।

अस्पतालभित्र अक्सिजन पाइप लाइन पनि विस्तार गरिएको छ । अक्सिजन प्लान्ट जडान, डायलोसिस सेवा सञ्चालनका लागि पुर्वाधार निर्माणका कार्य पनि अघि बढिरहेको छ ।अस्पतालमा महामारी अघि ६ शैय्याको सघन उपचार कक्ष सञ्चालन गरिएको थियो । अस्पतालमा सघन उपचार कक्ष सञ्चालनका लागि लामो समयदेखि पहल हुँदै आएको थियो ।

कोरोना महामारीको दुबै चरणमा अस्पतालमा ८ सय भन्दा बढी विरामीको उपचार गरिएको छ । हाल सम्म अस्पतालमा भर्ना गरिएका एक सय भन्दा बढी बिरामीले ज्यान गुमाइसकेका छन् ।पहिलो चरणमा महाकाली अस्पतालमा कोरोनाबाट हुने मृत्युदर शुन्य थियो । दोस्रो लहरमा ज्यान गुमाउने संक्रमितहरुको संख्या अधिकांश रहेको छ । सुदूरपश्चिमको अन्य ठाउँको तुलनामा महाकाली अस्पतालमा ज्यान गुमाउनेको संख्या कम रहेको छ ।

कैलालीको सेती प्रादेशिक अस्पतालमा १६ प्रतिशतले ज्यान गुमाएका छन् । महाकालीमा त्यो भन्दा कम १४ प्रतिशतको कोरोनाबाट ज्यान गएको छ ।कोरोना बिरामीको उपचारमा अस्पतालका चिकित्सक नर्स सहित स्वास्थ्यकर्मी गरी ८९ जना खटिएका छन् ।

महाकाली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णदत्त जोशीले पुर्वाधार बिना कोरोना बिरामीको उपचार गर्न नसकिने अवस्था भएको बताए ।'कोरोना महामारीपछि पुर्वाधार बनेका छन्, यी पूर्वाधार पछि पनि काम लाग्ने छन्' जोशीले भने, 'अझै थप पुर्वाधार आवश्यक छन्, त्यसका लागि पहल गरि रहेका छौं ।'चार दशक अघि स्वास्थ्य केन्द्रका रुपमा स्थापना गरिएको महाकाली अस्पताल गत जेठमा प्रादेशिक बनाइएको थियो । २०४५ मा महाकाली अञ्चल अस्पताल भएर सेवा दिन थालेको थियो ।

## ब्राउनसुगरसहित चार पक्राउ

**उदयपुर/मस–** उदयपुरको बेलका नगरपालिका-९ भतुवाबाट गएराति गोप्य सूचनाका आधारमा लागूऔषध ब्राउनसुगरसहित चारजनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार ब्राउनसुगरसहित पक्राउ पर्नेमा बेलका-२ का ३७ वर्षीय विनोद परियार, बेलका-९ का ३६ वर्षीय दिनेश खड्का, बेलका-७ का २८ वर्षीय मेजरमान राई र अर्का २९ वर्षीय जीवन राई रहेका छन् ।

शनिबार राति १० बजेतिर इलका प्रहरी कार्यालय रामपुर ठोक्सिलाले गोप्य सूचनाका आधारमा उनीहरुलाई पक्राउ गरेको र उनीहरुका साथबाट झण्डै ७५ मिलिग्राम ब्राउनसुगर बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक बेदप्रसाद गौतमले बताए । पक्राउ गरिएका अभियुक्तले भारतबाट सप्तरीको बाटो हुँदै ब्राउनसुगर बेलका भित्र्याइएको प्रहरीले प्रारम्भिक अनुसन्धानबाट पुष्टि गरेको छ ।

## सम्पादकीय

# अन्ततः जोगियो संसद्

प्रधानमन्त्री शेरबहादुर देउवाले विश्वासको मत पाएका छन् । प्रधानमन्त्री देउवालाई नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाले मत दिएका छन् । नेकपा एमालेका केही सांसदहरूले समेत देउवालाई विश्वासको मत दिए । पुनर्स्थापित संसद्को पहिलो बैठकमै देउवाले विश्वासको मत लिदां विभाजित जसपा समेत एक ठाउँ उभिएको छ । यसअघि एमाले अध्यक्ष केपी शर्मा ओलीलाई साथ दिदै आएका जसपाका अध्यक्ष महन्थ ठाकुर पक्षले समेत देउवालाई विश्वासको मत दिएका हुन् । निवर्तमान प्रधानमन्त्री ओलीलाई साथ दिने ठाकुर पक्षको निर्णयकै कारण दोस्रो पटक प्रतिनिधिसभा विघटनको बाटो खुलेको थियो भने जसपा समेत विभाजित भएको थियो । जसपाका अध्यक्ष उपेन्द्र यादव पक्षले ओलीको विकल्प खोज्नुपर्ने अडान र आन्दोलनमा थियो ।

यसैकारण जसपा विभाजित भयो । जसपा विभाजित हुँदा एमालेको एकता समेत कायम हुन सकेन । एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूहले संसद् जोगाउने पक्षमा उभिए भने ओली संसद् विघटनको बाटोमा लागे । गएको ५ पुसमा संसद् विघटनको असफल प्रयास गरेका ओलीले फेरि ७ जेठमा संसद् भंग गरेका थिए । यसले राजनीतिक स्थीरता सुनिश्चित हुनेगरी बनाइएको संविधान समेत खतरामा परेको थियो । तर ओलीको दुवै कदमलाई सर्वोच्च अदालतले असंवैधानिक भएको ठहर गऱ्यो । संसद् पुनर्स्थापना भयो भने राजनीतिक समीकरण बदलियो । अब संसद्को सवैभन्दा ठूलो दल एमाले प्रमुख विपक्षी दल बनेको छ ।

जबकी एमाले एक्लैसँग सरकार बनाउन लगभग पुग्ने संख्या छ । तर ओलीको संसद् विघटनको मृगतृष्णाका कारण एमाले विभाजित अवस्थामा छ । माधव समूह संसद् पूरा कार्यकाल चलाउने पक्षमा उभिँदा एमाले विभाजित भएको थियो । नभन्दै संसद् जोगिएको छ भने संविधानको सरकार बनाउने धाराहरूको समेत सर्वोच्च अदालतले व्याख्या गरेको छ । अब कुनैपनि प्रधानमन्त्रीले संसदबाट सरकार बन्ने अवस्था रहेसम्म प्रतिनिधिसभा भंग गर्ने सक्ने छैनन् । यसले संविधान कार्यान्वयनमा समेत मद्दत पुगेको छ । यदि संसद् भंग सदर भएको थियो वा देउवाले विश्वासको मत नपाई मुलुक मध्यावधिमा गएका थिए भने कुनैपनि निर्वाचनपछि पूरा कार्यकाल संसद् चल्ने थिएन । यसर्थ संसद् र संविधान जिवित रहेको छ भने अहम्का भरमा कुनैपनि प्रधानमन्त्रीले संसद् भंग गर्न सक्दैनन् भन्ने पुष्टि भएको छ ।

## सामाजिक सञ्जाल



कांग्रेस, एमाले, राजावादी (राप्रपा), मधेशवादी र माओवादी सबैको आ–आफ्नो घोषणा–पत्र छ । सिद्धान्त छ । नीति छ । यी सबै भोट लिने बेलामा जनतालाई झुक्याउन मात्र । मन्त्री प्रधानमन्त्री बन्ने चान्स पाउनु पर्छ के हो पार्टी, के हो सिद्धान्त, के हो नीति सबलाई बेचेर कोठीमा बसि दिन्छन् मात्र भ्रष्टचार गर्नको लागी ।

- पुरुषोत्तम दुंगेल




देउवा प्रम बने पछि के भारतको नेपाल नीति बदलेकै हो त ? धेरै जनाले यो सोधे । मेरो बुझाईमा भारतको नीति बदलेको छैन । दिल्लीको सम्बन्ध हिजो पनि बालुवाटार र सिंहदरबारसँग थियो आज पनि बालुवाटार र सिंहदरबारसँगै छ । बालुवाटारमा पात्र बदलेको हुन सक्छ तर, पात्र बदलिँदैमा नीति परिवर्तित हुँदैन ।

- पञ्कज दास



मत हाल्दिन भन्न पाइयो । राजीनामा दिन नि पाइयो । तर, सांसद नै वन्नु थिएन भने संसद विघटन गलत भो भनेर किन अदालतमा श–शरीर उपस्थित भएर संसद पुनः स्थापनाको पक्षमा रिट हालेको, डाक्साब ? के भोलि फेरि पार्टी एकताको लागि म कतै पनि लागेको थिइन भनेर भन्नको लागि ?

- प्रकाश गिरी



भू–राजनीति र अदालत त म धेरै बुझ्दिन् तर, भारतका एउटा पक्ष र युरोपियन युनियन भने यो पटक निकै हाबी भएको गहिरो गरि महशुश भयो । हामी सोंच्छौं कि नेपाल नेपालीले चलाईरहेका छन्, यो भ्रम पुनः हटेको छ । संविधान जारी गर्दा जे अवस्था थियो, अहिले पनि त्यो हटेको रहेनछ ।

- प्रकाश तिमिल्सिना



स्खलित राजनीतिको फेरि पुनरावृत्ति भएको छ । विचार, निष्ठा, आदर्श र प्रतिबद्धताहरू केवल दस्तावेजहरूमा सिमित हुन पुगेका छन् । वैचारिक र सांगठनिक प्रतिस्पर्धी रहेको कांग्रेस र कांग्रेस नेतृत्वको सरकारलाई विश्वासको मत दिन कम्युनिस्ट र मधेशवादी दलको होडबाजीले राजनीति प्रदुषित भएको छ ।

- मोहन श्रेष्ठ

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# विश्वपति हिमवत खण्ड र कर्णाली

जातिय तथा क्षेत्रीय उत्पीडनको सवालमा भियना कन्फेरेन्शले देशको कुनै क्षेत्र वा समुदायहरु ६ गुणा तल छन् भने स्वत् त्यो देशले क्षेत्रलाई मेरो भन्ने अधिकार गुमाएको हुन्छ भनिएको छ । आज काठमाडौं र कर्णालीबीच करिब १० गुणा अन्तराल छ, त्यसैले पनि भियना सम्मेलनले पारित गरेको घोषणा पत्रको सिद्धान्तलाई लागू गर्ने हो भने राज्यले कर्णालीमाा मेरो भन्ने अधिकार गुमाईसकेको छ । यसर्थ राज्यबाट सँधै थिचोमिचो एवम् उत्पीडन र पछ्यौंटेपन सहनै पर्छ भन्ने अबको २१ औं शताब्दीमा छैन ।



● गोरखबहादुर वि.सी.

हिम्मवत खण्डको केन्द्रबिन्दु तथा विश्वपतिले शासन गरेको र मानिने कर्णाली प्रदेश राजनीतिक, आर्थिक, शासकीय एवम् राज्यको हरेक क्षेत्रमा कमजोर छ । विशेषत सन् १४५० मा खस साम्राज्य विगघनपछि वास्तवमा कर्णालीको स्थिति खस्कँदै गएको इतिहास छ । अझ सन् १८४६ मा कर्णालीको सिन्जा राज्य नेपाल एकिकरणपश्चात झन् स्थिति बिग्रँदै गइरहेको यथार्थ छर्लङ्गै छ । त्यसैमा एकिकरणको नाममा अतिक्रमण र हस्तक्षेप नीतिका कारणले काठमाडौंले सँधै कर्णालीलाई उपनिवेश जस्तो ठान्ने र कर्णालीका जनसमुदायहरुलाई माथि उठ्न नदिने हरेक क्रियाकलापले कर्णाली आज विश्वकै भोका, नाङ्गा र मध्ययुगिन अवस्थाका गुज्रिरहेका छ । यसर्थ जातिय तथा क्षेत्रीय उत्पीडनको सवालमा भियना कन्फेरेन्शले देशको कुनै क्षेत्र वा समुदायहरु ६ गुणा तल छन् भने स्वत् त्यो देशले क्षेत्रलाई मेरो भन्ने अधिकार गुमाएको हुन्छ भनिएको छ । आज काठमाडौं र कर्णालीबीच करिब १० गुणा अन्तराल छ, त्यसैले पनि भियना सम्मेलनले पारित गरेको घोषणा पत्रको सिद्धान्तलाई लागू गर्ने हो भने राज्यले कर्णालीमाा मेरो भन्ने अधिकार गुमाईसकेको छ । यसर्थ राज्यबाट सँधै थिचोमिचो एवम् उत्पीडन र पछ्यौंटेपन सहनै पर्छ भन्ने अबको २१ औं शताब्दीमा छैन ।

आज राज्य एवम् विभिन्न संघ संस्थाले मागिखाने भाँडोको रुपमा कर्णालीलाई विकास गराएका छन् । यसअर्थमा राजनैतिक प्रशासनिक अधिकार र शक्तिको बाँडफाँड बिना त्यो क्षेत्रमा आर्थिक विकासका नाममा खरबौं लगानी गरे पनि त्यसको उपलब्धी नदेखिएको हो । आज दातृ राष्ट्रको खरबौं सहयोग बालुवामा पानी हाले जस्तै भएको छ, त्यो कसले ल्याउँछ र कता हराउँछ कर्णालीका जनतालाई थाहा नै छैन । राज्यले पनि गतिलै बजेट सिंहदरबारको रेड बुकमा छुट्याएको हुन्छ तर, त्यो बजेट कर्णालीमा नपुग्दै फिज हुन्छ । यसैले आर्थिक लगानीले मात्रै उत्पीडित क्षेत्र र वर्ग अगाडि बढ्न सक्दैन भन्ने कुरा कर्णालीमा गएको खरबौं बजेटको विश्व बैंकले एउटा रिर्पोट नै तयार पारेको छ । कर्णालीमा खरबौं बजेट गएको भन्ने कुरा देखाएको छ त्यो कता हरायो र कसले खायो त्यसको समेत खोजी गर्ने निकाय समेतमा कर्णालीको प्रतिनिधित्व छैन । जसले जे गरे पनि आँखा चिम्लेर ताली हान्न वा जाने बुझेकाहरुले पनि बुझेर आर्थिक लाभका निम्ति चुप लागेर बस्नु पर्ने अवस्था भएको छ । त्यसैले राजनैतिक र प्रशासनिक रुपमा समान सहभागिता नहुन्जेल कर्णालीको प्रगति हुनै सक्दैन । यसर्थ नेपालको केन्द्रीकृत शासन शैली र शहरी विकास बजेटले उत्पीडित क्षेत्र र ग्रामिण बस्तीहरुलाई सँधै ठग्ने र केन्द्रीकृत शहरी विकास एवम् राजनीतिक हैकम जमाउने सामन्ती प्रवृत्ति र मुलुकमा भईरहेका अनेकौं विभेद्का विरुद्धमा कयौं पटक विद्रोह र आन्दोलन भए ।

> विभिन्न संघ संस्थाले मागिखाने भाँडोको रुपमा कर्णालीलाई विकास गराएका छन् । यसअर्थमा राजनैतिक प्रशासनिक अधिकार र शक्तिको बाँडफाँड बिना त्यो क्षेत्रमा आर्थिक विकासका नाममा खरबौं लगानी गरे पनि त्यसको उपलब्धी नदेखिएको हो । आज दातृ राष्ट्रको खरबौं सहयोग बालुवामा पानी हाले जस्तै भएको छ, त्यो कसले ल्याउँछ र कता हराउँछ कर्णालीका जनतालाई थाहा नै छैन ।



खासगरि नेपालको एकात्मक राज्य व्यवस्थाको अन्त्य गर्नु र संघीय राज्य व्यवस्थाको मार्गमा मुलुकलाई लैजाने उद्देश्यले तत्कालिन माओवादीको नेतृत्वमा १० वर्षे जनयुद्ध र सात दलको २०६२/०६३ को संयुक्त जनआन्दोलन एवम् मधेश आन्दोलन भई २४३ वर्षको शाह वंशीय शासनको अन्त्य भएको र नेपालको अन्तरिम संविधान संघिय लोकतान्त्रिक भएको कुरा सबैलाई थाहा नै छ । यसर्थः यो देश एकात्मक राज्य व्यवस्थाको विरुद्धमा संघीय राज्य बनाउने र जनताको संविधान बनाउने एवम् केन्द्रिकृत राजनीतिक व्यवस्थालाई संघात्मक एवम् शक्ति बाँडफाँडका सवालमा क्रान्ति भई हाल यो अवस्थामा आएको कुरा सबैलाई थाहा नै छ । तर यो देशका विभेद्मा पारिएका र शक्ति बाँडफाँडको सवालमा बिमुख पारिएका उत्पीडित क्षेत्र र वर्गलाई समान सहभागिता नगराउने हो भने उही पूरानो केन्द्रीकृत सामन्ती व्यवस्थाको उपज हो भन्ने अवस्था आउँछ र त्यसले नयाँ विद्रोहको शुरुवात गर्दछ । घरको जग बलियो भएन भने घर भत्कन्छ । अब घरको जग भनेकै यस देशका विभिन्न क्षेत्र, जाति, र वर्गका समुदायहरु हुन् उनीहरुलाई राज्यको हरेक क्षेत्रमा समानुपातिक शक्ति बाँडफाँडमा सहभागिता गराउनु नै आजको सबैभन्दा महत्वपूर्ण विषय हो ।

हिजोका शासकहरुले समावेशी नगराएकोले यत्रो परिवर्तन भयो तर, उही सामन्ती, दादागिरी ठालु भएर केन्द्रिकृत शैलीमा शासन लाद्ने नीति र आदेश मान्नु पर्ने आजको २१ औं शताब्दीका जनताले मान्न सक्दैनन् । यहाँनेर समान सहभागिता एवम् शक्ति बाँडफाँडको कुरा गर्दा विखण्डनकारी भन्नेहरु हिजैदेखि खाईपाई आएका अलाड वर्गहरुलाई रिस र डाहा होला तर, युग र समय परिवर्तन छ । त्यसैले यो देशलाई समृद्धि बनाउन खोज्ने र समान भागदारका लागि सम्मान जनक अधिकार दिँदा कसैले मेरो भाग खोसिन्छ कि भन्ने एकात्मक चिन्तन त्याग्नु पर्दछ । जसमा हाल नेपालको उन्नति र प्रगति हुन नसक्नु भनेकै सामन्ति ठालु गिरी एवम् नेपाललाई आफ्नो बाबुको बिर्ता भन्ने सोंच्ने प्रवृतिले गर्दा संसारकै गरिव र दरिद्र बनाउने पुर्व शासकहरु जस्तै आन्दोलन र परिवर्तनबाट आएका शासकहरुले अव यो देशमा बस्ने तमाम् वर्ग, क्षेत्र र लिङ्गको समान प्रतिनिधित्व गराइएन भने उहाँहरु स्वयम्लाई त्यो कुर्शीमा बस्ने अधिकार छैन । त्यसैले अब नेपाली जनताहरुले राज्य प्रमुख वा राजनीति दलका नेतृत्वहरुले जे भन्यो त्यो मान्ने वाला छैनन् ।

संसारकै राजनीतिक, प्रशासनिक धर्मनीति कर्मनीतिका कुशल विश्वपति सान्नीकुट, संसारकै कानून व्यवस्थाका जग मनुले शासन गरेको क्षेत्र एवं शक्तिशाली एवम् कुशल शासक खस साम्राज्यको केन्द्रिय भूमि, विश्वको सबै भन्दा जेठो सभ्यता र संस्कृति बोकेको कर्णाली प्रदेशलाई हेपिनु र तल खसाल्नु दुर्भाग्य हो । पछि दुई तीन सय वर्ष नेपाल प्रवेश गरेका भरौटे शासकको मात्रै यो विश्वपतिको मुल भूमि खस साम्राज्यको राजधानी हिमवत खण्डको केन्दविन्दु कर्णालीलाई अगाडी बढाउने होइन भने ठूलो विकराल स्थिति आउन सक्छ । मानिसहरु जब सक्षम हुन्छ उसले आफ्नो इतिहास र पहिचानको खोजी गर्छ । कसैले पनि त्यो इतिहास र पहिचानलाई नष्ट गरेर गरिनेवाला होइन । यो पंक्तिकारसँगै विश्वपति हो विश्वपतिको इतिहास संसारका इतिहासविद्, संस्कृतविद् र पुरातत्वविदहरुलाई प्रष्ट थाहा छ । बिडम्बना अहिले नेपालमा नाम कहलिएका इतिहास तथा संस्कृतविदहरुले हावाको भरमा विश्वपति तथा हिमवत खण्डको केन्द्रबिन्दुको वास्तविक उथ्थानलाई लुकाउन खोजे पनि यथार्थ धरातलमा अध्ययन गर्न जाने हो भने प्रसस्तै प्रमाणहरु पाउन सकिन्छ । यहाँनेर विश्वको संविधान मनोस्मृती राजा मनुले कालिकोटको माल्मुमा शासन गरेको इतिहास काही कतै लुक्दैन । त्यस्तै विश्वपतिहरुको राजधानी कालिकोटो तिखासुली दरवारको भगनावेशहरुलाई अध्ययन गर्दा प्रमाणहरु भेटिन्छ । यसर्थ, खस राज्य विघटनपछि भरौटे छुटेराजाहरुको उदयलाई मात्रै लिएर विशाल खस साम्राज्यलाई सानो बनाउनु हुँदैन । यसर्थ जुम्ली राजाको सानो इतिहास र पृथ्वीनारायण शाहले गरेको एकीकरण मात्रै हालको नेपाल होइन । कर्णाली भेनको विश्वको माउ भूमि हो र संसारका मान्छेलाई शिक्षा दिक्षा र भिक्षा दिने केन्दभूमि हो । बिडम्बना आज संसारबाट ठगीखाने राज्य स्वंकणीका एनजिओवादीहरुको ठगी खाने भाडो बनेको छ ।

# राजनीति के युवाहरुको प्रयोगशाला हो ?

नीति निर्माण तहमा बसेकाहरुलाई युवामुखि कार्यक्रम ल्याउनका लागि निरन्तर दबाब दिनुपर्छ । बेथिति, भ्रष्टाचारका विरुद्ध एकजुट भएर आवाज बुलन्द गर्न सक्नुपर्छ । देशलाई आत्मनिर्भर बनाउन आवश्यकता हेरेर पेशा, व्यवसाय गर्न सकेमा र बाहिरीबाट आयात हुन सामान रोक्न सकेमा पनि देशको पूँजी घरभित्रै रहेर आर्थिक उन्नती र विकासमा खर्च गर्न सकिन्छ ।



● कमल ज्ञवाली

युवा शब्द सुन्नेबित्तिकै हाम्रो मनमस्तिष्कमा जोशजाँगर र उमंगले भरिएको एउटा मानवचित्र नाच्न थाल्छ । यस्तो किन पनि हुन्छ भने आजसम्म मानव समाजमा जे-जति आविष्कार र परिवर्तन भएका छन्, ती सबै युवाको सक्रिय सहभागिता र पहलकदमीमा मात्र सम्भव भएका छन् । यस अर्थमा युवा आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक परिवर्तनका नायक हुन् । यसै सन्दर्भलाई लिएर चिनियाँ क्रान्तिका नायक माओत्सेतुङले युवालाई लक्षित गर्दै भन्नुभएको छ, 'युवाहरू हो, यो संसार तिमीहरूको हो ।' यसरी युवा शब्दले हाम्रो मस्तिष्कमा खिच्ने तस्बिर र माओत्सेतुङजस्ता महान् व्यक्तिको उक्ति सुन्दा युवा ऐतिहासिक जिम्मेवारी बोकेका समाज परिवर्तन र देश विकासको मेरुदण्ड हुन् भन्ने मान्न सकिन्छ । तर आज अधिकांश युवामा यो ऐतिहासिक जिम्मेवारी र कर्तव्यबोध भएको पाइँदैन । उपभोक्तावादी संस्कारले गिजोलिरहेका बेला अध्ययनमा अरूचिका कारण युवाहरू झन् गैरजिम्मेवार र दिशाविहीन बनिरहेका छन् । बढ्दो बेरोजगारी र अशिक्षाले युवाहरूको आफ्नै भविष्य अन्धकारतिर यात्रारत छ । समाजमा यस्तो परिदृश्य देखिनु भनेको हामी सबैको भविष्य पछाडि धकेलिनु हो । तथापि आज देशमा शिक्षित युवा नभएका पनि होइनन्, तर कमजोर चेतनाका कारण तिनिहरू कुनै न कुनै गलत प्रवृत्तिका शिकार भइरहेका छन्, जसका कारण युग बदल्ने ऐतिहासिक जिम्मेवारी बोकेका युवाशक्ति आज केही सीमित टाठाबाठाको स्वार्थ पूरा गर्ने भर्याङ मात्र बनिरहेका छन् । यो युवामा रहेका अन्तर्निहित क्षमता र शक्तिको विपरीत कुरा हुन् ।

हाम्रो देशको राजनीतिमा त झन् उच्च राजनीतिक नेतृत्वबाट नै युवाहरूको व्यापक दुरूपयोग भइरहेको छ । युवालाई आफूमाथि कहिल्यै प्रश्न नगर्ने मानव परिचालित रोबटमा परिणत गर्न खोजिरहेका छन् । यो समाजका लागि दुःखद् कुरा हो भने आफ्नो स्वार्थपूर्ति गर्ने साधनको रूपमा मात्र आफूलाई प्रयोग गरिरहेका नेताबाटै ती युवाले आफ्नो सुन्दर भविष्यको निर्माण र देश विकासको अपेक्षा गर्नु झन् गम्भीर र डरलाग्दो स्थिति हो । त्यसैले युवामा आलोचनात्मक चेतको विकास हुन अत्यन्त जरुरी छ । किनकि आलोचनात्मक चेतले मात्र सही र गलत छुट्याई समाजमा घट्ने विभिन्न घटना-परिघटनाबारे तथ्यमा रहेर समर्थन वा विरोध गर्न सिकाउँछ । तर चेतनाविहीनहरू समाजमा घट्ने त्यस्ता अनेक घटनाको वा कुनै पनि कुराको कि अन्धविरोध गर्छन्, कि त अन्धसमर्थन वा विश्वास गर्न पुग्छन् । यो प्रवृत्तिले समस्याको जडसम्म कहिल्यै पुऱ्याउँदैन । नेपाली राजनीतिमा आज जेजति युवा देखिएका छन्, सबैभन्दा बढी यही प्रवृत्तिका शिकार बनिरहेका छन्, जसका कारण सत्यको पैरवी गरेरभन्दा नेताको चाकडी गरेर आफ्नो भविष्य सुरक्षित गर्न चाहने युवा आज नेताहरूको स्वार्थपूर्तिका लागि आफ्नो स्वाभिमानको समेत बलि चढाउन तयार छन्, जसको पछिल्लो ताजा उदाहरण सत्तारूढ नेकपाका युवा नेता भनिने महेश बस्नेतलाई पनि लिन सकिन्छ ।

'केपी ओलीका लागि म धरहराबाट पनि हाम फाल्न तयार छु' भन्ने उसको अभिव्यक्ति सामाजिक सञ्जालमा खुब भाइरल भएको थियो । यो आफ्नो पार्टीभित्र अनेक काण्डैकाण्ड र पदको लडाइँबारे मौन रहेर कुनै नेता विशेषको स्वार्थका लागि आफ्नो ज्यान कुर्बानी गर्ने कुरा विशुद्ध नेताको चाकडी शिवाय अरू केही होइन । किनभने महेश बस्नेतहरूले अहिलेसम्म जेजति सफलता प्राप्त गरेका छन् र अबको राजनीतिक भविष्य पनि यही चाकडी र चाप्लुसीमै बढी सुरक्षित र सम्भावित देख्छन् । किनकि, अहिले नेपालको राजनीतिमा योग्यता, क्षमता, त्याग, तपस्या र बलिदानीको कुनै गुन्जाइस छैन । त्यसैले ओमनी ग्रुपलगायतका संरक्षक तथा जनताबाट 'करप्रसाद' उपनाम पाएका केपी ओली कसैलाई प्रिय लाग्छ । जनयुद्धको नाममा १७ हजार गरिबका छोराछोरीलाई आफ्नो ज्यानको उत्सर्ग गर्न लगाएर आफू मोजमस्ती र सबैभन्दा विलासी जीवन बिताउने प्रचण्ड कसैलाई प्राणभन्दा प्यारो लाग्छ । राजनीतिमा इमान र नैतिकतालाई तिलाञ्जली दिएका शेरबहादुर देउवामा अझै पनि केही युवाको साथ र समर्थन लिएर भावी पार्टी सभापति र प्रधानमन्त्री बन्ने भोक उस्तै जीवित नै देखिन्छ । अझ पञ्चायतका मतियार कमल थापा आज गणतन्त्र नेपालमा पनि केही युवाहरूको प्राण पखेरु नै बनिरहेका छन् ।

नीति निर्माण तहमा बसेकाहरुलाई युवामुखि कार्यक्रम ल्याउनका लागि निरन्तर दबाब दिनुपर्छ । बेथिति, भ्रष्टाचारका विरुद्ध एकजुट भएर आवाज बुलन्द गर्न सक्नुपर्छ । देशलाई आत्मनिर्भर बनाउन आवश्यकता हेरेर पेशा, व्यवसाय गर्न सकेमा र बाहिरीवाट आयात हुन सामान रोक्न सकेमा पनि देशको पूँजी घरभित्रै रहेर आर्थिक उन्नती र विकासमा खर्च गर्न सकिन्छ ।

यी सबै एउटा सचेतन आँखाबाट हेर्दा अस्वाभाविक लाग्ने दृश्य अस्पष्ट वैचारिक धरातलको जगमा निर्माण भएका हुन् र आलोचनात्मक चेतको अभावका परिणाम हुन् । त्यसैले अब समाज रूपान्तरण गर्ने अभिभारा बोकेका युवाशक्ति आफ्नो स्वमूल्यांकन र सिंहावलोकन गर्न एकदम टड्कारो देखिन्छ । कामकर्तव्य एकातिर, व्यवहार कुम्लो बोकी ठिमीतिर त भइरहेको छैन भनेर आफ्नै मनलाई प्रश्न गर्ने बेला आएको छ । यो प्रश्नको उत्तर मात्र खोज्ने साहस युवाले गर्ने हो भने त्यस प्रश्नबाट प्राप्त उत्तरमा युवाको स्वयम् आफ्नो जीवन र समाजको स्पष्ट चित्र देख्ने छन् र त्यस चित्रमा आफ्नो स्थान कहाँ छ भनेर अवश्य खोज्ने छन् ।

आफ्नो स्थानको खोजी गर्नु भनेको आफ्नो हैसियत थाहा पाउनु हो र आफ्नो हैसियत पत्ता लगाउनु भनेको आफ्नो वास्तविक स्थिति जान्नु हो । आफ्नो वास्तविक शक्ति र सामर्थ्य थाहा नभएकै कारण आज युवाको एउटा विशाल पंक्ति कथित ठुला राजनीतिक दलको 'एसमेन' र विभिन्न झुण्ड, स्वार्थी समूहको गोटी मात्र बनिरहेका छन्, जसका कारण आफ्नो व्यक्तिगत जीवन मात्र होइन, समग्र समाजको मुहार नै परिवर्तन गर्न सामर्थ्य राख्ने युवाशक्तिले आज राजनीतिप्रति व्यापक वितृष्णा र समाजप्रति चरम निराशा व्यक्त गरिरहेका छन् ।

निश्चय नै कुनै पनि कुराको सीमा हुन्छ, तर अहिले हाम्रो समाजमा भ्रष्टाचार, बलात्कार, अनियमितता, घुसघोरी, दलाली, कालोबजारी, गरिब, किसान र मजदुरमाथिको नाङ्गो लुट विभिन्न नाममा मान्छेले मान्छेमाथि गर्ने विभेद र युवाको व्यापक दुरूपयोगले सीमा नाघिरहेको छ । आफ्नो नागरिकप्रतिको राज्यको यो हदसम्मको अनुदारता र निकृष्ट व्यवहारका कारण आज युवामा यो विभेदकारी नीति, नियम र गैरजिम्मेवार राज्यव्यवस्थामाथि नै चरम अविश्वास र घृणा पैदा हुन थालेको देखिन्छ र त्यसका विरुद्ध र विकल्पमा समतामूलक नयाँ चेतनाको अंकुरण युवाको मस्तिष्कमा भइरहेको छ । आज बिरुवाको रूपमा देखिएको यो नवीन चेतना नै भोलि तराईको फाँटदेखि पहाडको कुनाकन्दरा हुँदै हिमालको चुचुरोसम्म पुगेर मक्किसकेको पुरानो मान्यता र विचारमा टिकेको अहिलेको हाम्रो सामाजिक संरचनालाई नष्ट गरेर ढिलोचाँडो नयाँ सामाजिक संरचनाको स्थापना गर्ने छन्, जहाँ कसैले पनि विभिन्न जातपात, धनीगरिब र धर्मको आधारमा विभेदको महशुससम्म गर्न पाउँने छैनन् ।

त्यसैले आज समयले युवालाई आह्वान गरिरहेको छ, युवाहरू हो, तिमीहरूको जीवनमा आज रहेको सबैभन्दा मूल्यवान वस्तु समय हो । जीवनकै यो मूल्यवान र स्वर्णीम समयको अत्याधिक र प्रभावकारी प्रयोगबाट तिमीहरू आफ्नो व्यक्तिगत जीवनको चित्र मात्र होइन, समाजकै चित्र बदल्न सक्ने छौ । त्यसो भए आफूभित्र अन्तर्निहित यत्रो विराट र अजेय क्षमता बोकेर युवा 'जुटपत्ती र लुँडो' खेलेर समय व्यतित गर्ने बहानामा निरीह भएर किन बस्ने ? तसर्थ युवापंक्तिले अब सोंच्नैपर्छ, केही त गर्नैपर्छ । किनकि युवाहरूको भाग्यको बिधाता युवाहरू स्वयम् आफैं हो । त्यसैले आफ्नो भाग्यको निर्माण आफै गर्दै सत्य, न्याय र समानतामा आधारित समाज निर्माणका लागि युवा आफ्नो ऐतिहासिक दायित्व र भूमिका निर्वाह गर्नबाट किमार्थ चुक्नु हुँदैन ।

*(लेखक ज्ञवाली सामाजिक अभियान्ता हुन् ।)*

# उच्च अदालत तुलसीपुरमा ५९ प्रतिशत मुद्दा फछ्र्योट



**दाङ/मस**-उच्च अदालत तुलसीपुरले गत आर्थिक वर्षमा करीब ५९ प्रतिशत मुद्दा फछ्र्योट गरेको छ ।

गत आर्थिक वर्षमा अदालतमा दर्ता भएका ६०९ र आर्थिक वर्ष २०७६/७७ बाट जिम्मेवारी सरेर आएका १७४ गरी कूल ८८३ मुद्दामध्ये ५२० मुद्दा फछर्चोट भएको उच्च अदालत तुलसीपुरका रजिष्ट्रार यमबहादुर बुढाले जानकारी दिए । यो गत आर्थिक वर्षमा ५८ दशमलव ८९ प्रतिशत मुद्दा फछ्र्योट भएको हो ।

गत आर्थिक वर्षमा कूल ९४ देवानी मुद्दामध्ये ४०, ५७१ सरकारवादी फौजदारी मुद्दामध्ये ३९४ र ३२ दुनियावादी फौजदारीमध्ये १८ थान मुद्दा फछर्चोट भएको सो अदालतले जनाएको छ ।

गत असारमा ६१ मुद्दा दर्ता भएकोमा कोरोना जोखिमकाबीच पनि ५८ फैसला भएको अदालतका मुख्य न्यायाधीश नीता गौतम दीक्षितले जानकारी दिइन् । गत आर्थिक वर्षमा २३ थान मुद्दा मेलमिलापको लागि पठाएकोमा पाँच थान मात्र मेलमिलाप भएको उनले बताइन् ।

मुख्य न्यायाधीश गौतमले न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजनाअनुसार उच्च अदालतमा २०७७ भदौ १ गतेदेखि र जिल्ला अदालतमा २०७७ साउन महिनादेखि फरक मुद्दा व्यवस्थापन पद्दति लागू भएको र सो अनुसार मुद्दालाई सरल मार्ग, सामान्य मार्ग र विशेष मार्गगरी तीन प्रकारले विभाजनगरेर काम भइरहेको बताउनुभयो । सरल मार्गमा ६ महिनाभित्र, सामान्यमा एक वर्षभित्र र विशेष मार्गमा डेढ वर्षभित्र फछर्चोट गरी सक्नुपर्ने व्यवस्था रहेको उनको भनाइ छ । छिटोछरितो न्याय सम्पादनका लागि अदालतले नागरिक सहायता कक्ष, नि:शुल्क रुपमा निवेदन लेखिदिने व्यवस्था र अदालतको सेवालाई प्रविधिमैत्री बनाएर समयमा नै प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सफल भएको उनको भनाइ छ ।

# बढ्न थाले सर्पदंशका बिरामी



**चितवन/मस**-भरतपुर अस्पतालमा गएको तीन महिनामा विषालु सर्पले डसेका ३५ बिरामीको उपचार गरिएको छ । सर्पले डसेर दैनिक पाँच/सातजना बिरामी अस्पताल आउने गरेका छन् ।

अस्पतालका आकस्मिक सेवा प्रमुख राजकुमार ढुङ्गानाका अनुसार वैशाखदेखि असार मसान्तसम्म विषालु सर्पले डसेर आएका ३५ जनाको उपचार गरिएको छ । सर्पले डसेर दैनिक आउने बिरामीलाई २४ घण्टा निगरानीमा राख्ने गरिन्छ । त्यस पश्चात् विष नदेखिएमा घर पठाउने गरिन्छ । उनले भने, "केले टोक्यो भनेर आउने समेत जोड्दा दैनिक यो सङ्ख्या १० जनाको हाराहारी हुने गर्दछ ।" जिल्लामा भरतपुर अस्पतालमा मात्र सर्पदंशको बिरामीको निःशुल्क उपचार हुन्छ ।

अस्पतालका सूचना अधिकारी लीलाधर पौडेलका अनुसार चितवनसहित बारा, मकवानपुर, गोरखा, लमजुङ, तनहुँ र नवलपरासीका बिरामी यो अस्पतालमा उपचारका लागि आउने गरिन्छ । तीमध्ये पनि ठूलो सङ्ख्यामा नवलपरासीका बिरामी आउने गर्दछन् । अस्पतालले एन्टिस्नेक भेनम निःशुल्क उपलव्ध गराउँदै आएको छ ।

गत वर्ष कोभिडका कारण सघन उपचार कक्ष नभएकाले आठ जना बिरामीलाई एन्टिस्नेक भेनमसहित चितवन मेडिकल कलेज पठाइएको थियो । पौडेलका अनुसार अस्पतालमा वैशाखदेखि असोजसम्म सर्पले डसेका बिरामी आउने गर्दछन् । भरतपुर अस्पतालमा रहेर लामो समय सर्पदंशको उपचार र अध्ययन एवं अनुसन्धानमा जुट्नु भएका वरिष्ठ फिजिसियन डा विजय पौडेलका अनुसार सो अस्पतालमा एक वर्षमा पाँच सय देखि ६०० जनासम्म सर्पदंशका बिरामी आउने गर्दछन् । तीमध्ये १५० हाराहारी विषालु सर्पले डसेका हुने गरेको उनको भनाइ छ । यहाँ आउने बिरामीलाई मुख्य रुपमा कोब्रा, करेट, रसेनभाइपर र पिटभाइपरले डसेका हुन्छन् । नवलपरासी क्षेत्रमा भाइपरको जोखिम बढी हुने गरेको छ । केही समयअघि मात्रै भरतपुर अस्पतालबाट अवकास लिनुभएका पौडेलका अनुसार मानिसलाई डस्ने सर्पमध्ये ८० प्रतिशत विशालु हुँदैनन् । चितवनको पश्चिम र माडी क्षेत्रमा पाइने सर्प विषालु हुने उनले बताए ।

विगत वर्षमा सर्पदंशबाट धेरैको मृत्यु हुनेगरेको स्मरण गर्दै उनले पछिल्ला दिनमा मृत्यु दर निकै कम हुँदै गएको जानकारी दिए । भरतपुर अस्पतालमा सघन उपचार कक्ष स्थापना पूर्व विषालु सर्पले डसेकामध्ये ३५ प्रतिशतसम्मको मृत्यु हुने गरेको उनको भनाइ छ । विसं २०६५ मा भरतपुर अस्पतालमा सघन उपचार कक्ष वनेसँगै सर्पदंशका बिरामी बचाउन सकिएको उनको अनुभव छ । भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा.कालिदाश अधिकारीले पछिल्ला वर्षमा सर्पदंशका बिरामी बचाउन सकिएको बताए । मृत्यु दर घट्नुमा अस्पतालमा सघन उपचार कक्षलगायत विशिष्टिकृत सेवा शुरु हुनु, अध्ययन एवं अनुसन्धानले उपचार पद्दतिमा सहजता आउनु, जनचेतनाका कारण बिरामी समयमानै अस्पताल आउनुलगायत रहेको उनको भनाइ छ ।

उनले यो मौसममा घरमा नै आएर करेत सर्पले डस्न सक्ने भएकाले घरमा सुत्नु अघि उच्च सावधानी अपनाउन, खेतबारीमा जाँदा बुट लगाउन, हिँडडुल गर्दा शरीरको पूरै भाग छोपिने गरी कपडा एवं जुत्ता लगाउन, घर वरिपरी भएका झाडी फाँड्न र सर्पले डसिहालेमा तत्काल अस्पताल आउन सुझाव दिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ALI AL. M AL- MUNEEF BROS FAR TRADING & TRANSPORTING — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०१/०२ — चलानी नं.: ६०१५८२२९ — L.T. No.: 239825 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Driver | 5 | 0 | स. कामका दक्ष | 1800 | ५७,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ साउन ११ गते (26 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

FISHTAIL OVERSEAS PVT. LTD.
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com
Govt. Lic. No. 1286/074/075

## कतारमा रोजगार

कम्पनी: A JAB LIKHDMAT AL-AMH W TNZYFAT — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७७/११/१३ — चलानी नं.: ६०१५४७७६ — LT. No.: 236374 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 5 | स. काममा दक्ष | 1000 | ३२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७८ साउन ११ गते (26 July 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Forever Human Resource solution Pvt. Ltd
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4353298, 4354685
Mob.: 9851188173, 9851140861, 9803249332, 9851001003, 9818500630
Govt. Lic. No. 1411/074/075

## साउदीमा रोजगार

१. कम्पनी: REEM ABDULLAH AL-SAHLI FOR CONTRACTING EST. — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/04/03 — चलानी नं.: ६०१६०२६६ — L.T. No.: 242474

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Military Tailor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Melissa | 1 | 0 | | 1400 | ४४,९९६ | | | | | | | |
| 3. | Paved | 1 | 0 | | 1400 | ४४,९९६ | | | | | | | |

२. कम्पनी: MOROCCAN FANTASTY SPORTS HALL — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/04/03 — चलानी नं.: ६०१६०२६५ — L.T. No.: 242438

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shepherd | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 2 | 0 | | 1000 | ३२,१४० | | | | | | | |

३. कम्पनी: MAFATEEH AL NAJAH CONT.EST — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/04/03 — चलानी नं.: ६०१६०२६४ — L.T. No.: 242475

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: ELEVENTH COFFEE CAFE TO SERVE DRINKS — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/04/03 — चलानी नं.: ६०१६०२६२ — L.T. No.: 242477

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: FATROS RESTAURANT TO SERVE MEALS — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/04/03 — चलानी नं.: ६०१६०२६३ — L.T. No.: 242476

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker Oven | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shawarma Grill | 1 | 0 | | 1500 | ४८,२१० | | | | | | | |
| 3. | Chief Assistant | 1 | 0 | | 1500 | ४८,२१० | | | | | | | |
| 4. | Salad Record | 1 | 0 | | 1500 | ४८,२१० | | | | | | | |
| 5. | Fruit & Vegetable Cooker-General | 1 | 0 | | 1500 | ४८,२१० | | | | | | | |

६. कम्पनी: MODERN SYSTEM ALUMINIUM FACTORY — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/04/03 — चलानी नं.: ६०१६०२६१ — L.T. No.: 242478

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factor | 13 | 0 | | 1000 | ३२,१४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ साउन ११ गते (26 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

कस्मस नेपाल ह्यूम्यान रिसोर्स प्रा. लि.
महाराजगञ्ज, चक्रपथ, काठमाडौं, फोन: ०१-४७२०६०७, ४७२०६०९

## कतारमा रोजगार

१. कम्पनी: FORT HOMS TRADING AND CONTRACTING — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/२९ — चलानी नं.: ६०१६०२५० — LT. No.: 242354

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 2 | 0 | स. काममा दक्ष | 2500 | ८०,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: FEATHER FOR FURNITURE FURNISHING — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/२९ — चलानी नं.: ६०१६०२५१ — LT. No.: 242353

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upholsterer | 2 | 0 | स. काममा दक्ष | 1300 | ४१,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा साउन ७ गते (22 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

टोपाज इण्टरनेशनल प्रा. लि.
मैतिदवी, काठमाडौं, नेपाल, फोन: ०१-४५११२६५०

## कतारमा रोजगार

कम्पनी: LIFE STYLE FOR CLEANING & MAINTENANCE — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८७/०४/०३ — चलानी नं.: ६०१६०२७४ — L.T. No.: 242369

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Light Vehicle) | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 2000 | ६४,२८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ साउन ११ गते (26 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Mahagadhi Overseas P. Ltd.
Gwarko, Balkumari-9, lalitpur, Nepal, Tel.: 01-5203713, 5203717, Fax.: 5203717
Email: mahagadhioverseas @gmail.com, mahagadhioverseas 13@gmail.com
Web.: www.mahagadhioverseas .com
Govt. Lic. No. 1282/074/075

## कतारमा रोजगारको अवसर

कम्पनी : AL MANAL FACTORY — शहर: DOHA
पूर्व स्वीकृत मिति:२०७८/०१/२९ — चलानी नं.: ६०१५८४०० — L.T. No.: 240533 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Vehicle Driver | 2 | 0 | | 2200 | ७०,७०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७८ साउन ११ गते (26 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

INTERNATIONAL JOB LINK PVT. LTD.
Bhimsengola-9, Old Baneshwor Kathmandu, Tel: 4584541
P.O. Box: 11412 | Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np
Govt. Lic. No.: 700/063/064

## कतारमा वैदेशिक रोजगार

१. कम्पनी: Gulf Energy Technology & Projects — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/03/२३ — चलानी नं.: ६०१५९८४४ — LT. No.: 242099 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1900 | ६१,०६६ | | | | | | | |

२. कम्पनी: AL JABER PARTNERS FOR CONSTRUCTION ENERGY — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७७/१०/१२ — चलानी नं.: ६०१५४२५७ — LT. No.: 235814 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 325 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | |
| 2. | Blacksmith | 20 | 0 | | 1500 | ४८,२१० | | | | | | |
| 3. | Carpenter | 20 | 0 | | 1500 | ४८,२१० | | | | | | |
| 4. | Mason | 35 | 0 | | 1500 | ४८,२१० | | | | | | |

३. कम्पनी: AL KAWTHER STEEL & BUILDING FACTORY — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/03/२१ — चलानी नं.: ६०१५९७७८ — LT. No.: 241712 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 70 | 0 | स. काममा दक्ष | 1000 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: SMART BUSINESS & CONTRACTING WLL — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७७/१२/04 — चलानी नं.: ६०१५५६८९ — LT. No.: 237440 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Fitter | 4 | 0 | स. काममा दक्ष | 1300 | ४१,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: FALCON SECURITY SERVICES — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७८/03/0९ — चलानी नं.: ६०१५९०७३ — LT. No.: 241362 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 35 | 18 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 3 | 0 | | 2500 | ८०,३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ साउन ११ गते (26 July 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १,२,३ र ५ को नि:शुल्क क.नं. ४ को रु.१०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Mobhira Recruitment Consultancy services (P.) Ltd.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३८
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com
श्रम इजाजत नं. १४६९/०७४/०७५

# स्काउटको निर्वाचन समिति गठन गर्न माग




**काठमाडौं/मस**–नेपाल स्काउट प्रगतिशिल संघर्ष समितिले नेपाल स्काउटको केन्द्रदेखि स्थानीय तहसम्म तत्काल निर्वाचन गराएर समिति गठन गर्नुपर्ने माग गरेको छ। र, यसको लागि निर्वाचन समिति तत्काल गठन गर्न संघर्ष समितिले नेपाल सरकारसमक्ष माग गरेको छ।

आइतबार रिपोर्टर्स क्लब नेपालमा संघर्ष समितिले पत्रकार सम्मेलनको आयोजना गर्दै यस्तो माग गरेको हो। विगत एक दशकदेखि नेपाल स्काउटको केन्द्रदेखि तल्लो तहसम्म निर्वाचविहीन समिति रहेकोले तत्काल निर्वाचन समिति गठन गरेर केन्द्रदेखि तल्लो तहसम्म समिति निर्माण गर्नुपर्ने संघर्ष समितिको माग छ।

नेपाल स्काउटको तदर्थ समिति गठन भएको २८ महिना बितिसक्दापनि अहिलेसम्म उक्त समितिले निर्वाचन नगरी मनोमानी ढंगले स्काउटलाई चलाएको संघर्ष समितिको आरोप छ।

पत्रकार सम्मेलनमा बोल्दै संघर्ष समितिका संयोजक पुण्यराम गोथेले स्काउटमा गैरस्काउटहरुको हाबी भएको भन्दै तत्काल निर्वाचनमार्फत समिति गठन गर्नुपर्नेमा जोड दि। उनले स्काउटभित्र विकृति तथा विसंगति मौलाएको भन्दै अहिले कायम रहेको तदर्थ समिति विघटन गर्नको लागि सरकारसमक्ष माग गरेका छन्।

कार्यक्रममा संघर्ष समितिका सदस्य तरुणरञ्जन दत्तले उनले अहिल रहेको तदर्थ समिति नै अवैधानिक भएको भन्दै यसलाइ तत्काल खारेज गर्नुपर्ने माग गरे। उनले भने,'यो तदर्थ समितिले पाएको म्याण्डेटअनुसार काम गर्न सकेन। निर्वाचन गरेर नयाँ नेतृत्व ल्याउनको लागि गठित तदर्थ समितिले २८ महिना व्यतित गर्दापनि अहिलेसम्म निर्वाचन गर्न सकेको छैन्। यो आँफैमा अवैधानिक समिति हो।' दत्तले स्काउटमा तदर्थ समितिका संयोजक लोकबहादुर भण्डारीले सात वटै प्रदेशमा रहेका प्रदेश स्काउट तदर्थ समितिमा पनि नेकपा (एमाले) का नेताहरुलाई प्रदेश संयोजक बनाएको दाबी गरे। उनकाअनुसार यसरी भण्डारीले प्रदेश संयोजक बनाएकाहरुमा प्रदेश १ मा रवि खनाल, प्रदेश नम्बर २ मा सरोज कुमार यादव, बाग्मती प्रदेशमा केशरत्न बज्रजाचार्य, गण्डकी प्रदेशमा आर्शिवाद सुवेदी, लुम्बिनीमा दिनानाथ भट्टराई, कर्णालीमा कमल बोहरा र सुदूरपश्चिममा नरेन्द्र थापा रहेका छन्।

त्यस्तै, पत्रकार सम्मेलनमा संघर्ष समितिका सदस्य राजिव खत्रीले अहिले विद्यमान पाँच तहको राष्ट्रिय तदर्थ समितिमा भौगोलिकता र क्षेत्रियतालाई लिएर सदस्यहरुलाई होच्याउने, अन्य सदस्यहरुको अभिमतको कदर नगरी तानाशाही तवरले एकल निर्णय गराउने व्यवहार देखाईएको आरोप लगाए। उनले भने,'स्काउटको तदर्थ समितिका संयोजकको एकल निर्णयल गर्दा आज स्काउट बदनाम भएको छ। र, दिनप्रतिदिन खस्किँदो छ। यसबाट पनि मुक्ती दिलाउनको लागि सरकारले तत्काल निर्वाचन समिति गठन गरेर नयाँ नेतृत्व ल्याउनुपर्छ।' उनले समितिले जारी गरेको विज्ञप्ती वाचन गरेका थिए।

# ठिनीमा ट्रक दुर्घटनामा दुईको मृत्यु, चार घाइते



**मुस्ताङ/मस**–मुस्ताङको घरपझोङ गाउँपालिका-५ ठिनी खोलामा मालबहाक ट्रक दुर्घटना हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा चारजना घाइते भएका छन्। ठिनीबाट सामान लिएर ढुम्बातर्फ जाँदै गरेको ग१ख ६८५२ नम्बरको ट्रक ठिनी खोलामा अवस्थित कच्ची काठेपुल भत्किँदा आइतबार बिहान दुर्घटना भएको थियो।

ट्रकमा सातजना सवार रहेका बताइएको छ। मृत्यु हुनेमा रामेछाप जिल्ला गोकुल गङ्गा गाउँपालिका-१ बस्ने अन्दाजी ३८ वर्षीय चित्रबहादुर श्रेष्ठ र उहाँकी श्रीमती अन्दाजी २६ वर्षीया मोनिका श्रेष्ठ रहेको जिल्ला ट्राफिक कार्यालय मुस्ताङका प्रहरी सहायक निरीक्षक जीतबहादुर केसीले जानकारी दिए।

नवलपरासी जिल्ला विनय त्रिवेणी गाउँपालिका-३ बस्ने ट्रक चालक ३६ वर्षीय शिवराम ठाडा मगर सामान्य अवस्थामा रहेको उनले बताए। चालकलाई नियन्त्रणमा लिइएको जनाइएको छ। घाइते हुनेमा बागलुङ जिल्ला ढोरपाटन नगरपालिका- २ बस्ने २२ वर्षीय सुशील घर्तीमगर, २५ वर्षीय लुद्रबहादुर कामी रहेका छन्। उनीहरु मजदूरीका लागि मुस्ताङ पुगेका थिए।

त्यसैगरी पर्वत जिल्ला जलजला गाउँपालिका-४ का १८ वर्षीय सहचालक दिनेश दर्जी र ओखलढुङ्गा जिल्ला सिन्चीदोम्बा गाउँपालिका-७ बस्ने अन्दाजी २९ वर्षीय दावा शेर्पा छन्। उनीहरुको जोमसोम जिल्ला अस्पताल मुस्ताङमा उपचार भइरहेको छ।

घाइतेको अवस्था सामान्य रहेको ट्राफिक कार्यालयले जनाएको छ। ट्रकमा १०० बोरा सिमेन्ट, चार थान प्लाइउड र ५० वटा फलामको ट्रस पाइप रहेको सहचालक दर्जीले जानकारी दिए। जीर्ण भएको काठको कच्ची पुलले ट्रकको भार थाम्न नसक्दा उक्त दुर्घटना भएको जनाइएको छ।

# क्रियाशील सदस्यतामा धाँधली भएको भन्दै आमरण अनशन

**काठमाडौं/मस**-नेपाली कांग्रेसको क्रियाशील सदस्यतामा धाँधली भएको भन्दै पार्टी केन्द्रीय कार्यालयमा आमरण अनशन शुरु गरिएको छ।

नेपाली कांग्रेसका नेता एवम् संविधानसभा सदस्य डा चन्द्रमोहन यादवको नेतृत्वमा रामपल्टन शाह, दिनेश नायक लगायतले धनुषा क्षेत्र नं १, क्षेत्र नं ४, सिरहा र सप्तरीको क्रियाशील सदस्यतामा विवाद भएको जनाउँदै आइतबार बिहान ११:३० बजेदेखि पार्टी केन्द्रीय कार्यालय सानेपामा आमरण अनशन शुरु गरेका हुन्।

पार्टीको विधान, नियमावली र केन्द्रीय परिपत्र विपरीत नयाँ क्रियाशील सदस्यता वितरण गरेको, कांग्रेस जिल्ला कार्यसमितिको संस्थागत निर्णयलाई कार्यान्वयन नगरेको उल्लेख गर्दै आफूहरु आमरण अनशनमा बस्न बाध्य भएको डा.यादवले जानकारी दिए। आफूले राखेका माग सम्बोधन नभएसम्म अनशन जारी राख्ने उनको भनाइ छ।


## Saudi मा रोजगारको अवसर

कम्पनी:– Jannat Al Sharq Agricultural Corporation, Huffuf, Saudi Arabia

पूर्व स्वीकृती मिति २०७८।०४।०३ | चलानी नं. ६०१६०२६७ | LT.No. 242774

| सि.नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वर्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 08 | काममा दक्ष | 1000 | ३१,८१०।- | ६ दिन | ८ घण्टा | कं नि. अनुसार | छ | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने | भीषा स्ट्याम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिन | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | निशुल्क |

अन्तरवार्ता २०७८ श्रावण ११ गते ( 26 July 2021) मेनपावरको कार्यालय धापासीमा हुनेछ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला।

WISE **वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.**
श्रम इजाजत न. ८३७/०६६/०६७
धापासी ७, बसुन्धारा काठमाण्डौं फोन नं.:–०१–४३७३३५१, ४३७३७८४, ४३७३८०७

## कतारमा रोजगारको अवसर

कम्पनी : AIRFABS MEP CONTRACTING WLL | शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०३/१५ | चलानी नं.: ६०१५९४०१ | LT. No.: 241526 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 1 | 0 | | 1100 | ३५,३५४ | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1100 | ३५,३५४ | | | | | | | |
| 4. | Mason | 1 | 0 | | 1100 | ३५,३५४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन ११ गते (26 July 2021) मा हुनेछ।

